लेखापरीक्षण बुलेटिन

महालेखापरीक्षकको कार्यालयको मासिक प्रकाशन

हीरक-जयन्ती विशेषांक

वर्ष १, अंक ८, २०७५ आषाढ (Year 1, Issue 8, June/July. 2018)

महालेखापरीक्षकको कार्यालयको हीरक-जयन्ती समारोह सम्पन्न



कार्यालयको हीरक-जयन्ती समारोहमा सहभागी हुनुहुँदै सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारी र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल

१५ आषाढ, २०७५

महालेखापरीक्षकको कार्यालयको ६० औं वार्षिकोत्सव (हीरक-जयन्ती) कार्यक्रम सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूको समुपस्थितिमा सम्पन्न भयो । कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, संवैधानिक निकायका प्रमुख तथा सदस्यहरु लगायत विशिष्ट व्यक्तिहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा सम्माननीय राष्ट्रपतिज्यूले महालेखापरीक्षक नियुक्ति भएसँगै कार्यान्वयन गरिएको ६ वर्षे कार्ययोजना, लेखापरीक्षण विधि र पद्धतिमा गरिएका सुधार, सम्बन्धित पदाधिकारीहरुलाई जिम्मेवार तथा जवाफदेही बनाउन गरिएको प्रयास तथा महालेखापरीक्षकको कार्यालय भवन निर्माणको प्रगति लगायतका सुधार प्रसंशनीय रहेको बताउनुभयो । उहाँले सार्वजनिक आर्थिक कारोबारमा देखिएको बेरुजू अंकले सार्वजनिक निकायहरुको वित्तीय अनुशासनको स्थिति इंगित गरेको बताउदैं बजेट अनुशासन, खरिद व्यवस्थापन, आयोजना व्यवस्थापन, जिम्मेवारी र जवाफदेहिता, आन्तरिक नियन्त्रण तथा सेवा प्रवाह लगायतका विषयमा महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख गरिएका टिप्पणी सहितका सुझावहरुको प्रभावकारी कार्यान्वयनमा सम्बन्धित निकायको ध्यानाकर्षण

क्रमशः पेज ६ मा

यस भित्र .....

क्र.सं.	विषय	पेज नं.
१	हीरक-जयन्ती समारोहमा सम्माननीय राष्ट्रपतिज्यूको मन्तव्य	३
२	हीरक-जयन्तीको अवसरमा गरिएको सम्वाद सम्पादित अंश	४
३	हीरक-जयन्ती समारोहसँग सम्बन्धीत तस्वीरहरु	८
४	अन्तर्राष्ट्रिय कार्यक्रम	१२
५	महालेखापरीक्षकको एक वर्षको कार्य सम्पादन	१५
६	२०७५ वैशाख, जेठ र आषाढ महिनामा सञ्चालित कार्यालय गतिविधिहरु	१७
८	वार्षिक लेखापरीक्षण योजना, २०७५ बाट साभार गरिएका प्रमुख विषय	१८
९	Audit Model	२१
१०	२०७५ वैशाख, जेठ र आषाढ महिनामा भएका वैदेशिक तालिम तथा कार्यक्रममा सहभागिता	२३

संरक्षक
माननीय महालेखापरीक्षक
श्री टंकमणि शर्मा (दंगाल)

सल्लाहकार
उप-महालेखापरीक्षक
श्री ईश्वर नेपाल

सम्पादक मण्डल
संयोजक
श्री विश्वनाथ रेग्मी

सदस्य
श्री महेश पौड्याल
श्री टीकानाथ अर्याल
श्री दिपक आचार्य

प्रकाशक
महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौं ।
फोन नं. ०१-४२६६०३४
फ्याक्स नं. ०१-४२६८३०९
E-mail: oagnep@ntc.net.np
info@oag.gov.np
Website: oagnep.gov.np

नोटिस बोर्ड नं
१६१८०१४२५३२७०

सम्पादकीय .....

सरकारी आम्दानी र खर्च तथा सार्वजनिक निकायबाट सम्पादन हुने कार्यहरुको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको आधारमा लेखापरीक्षण गर्न तत्कालीन नेपाल अधिराज्यको संविधान, २०१५ बमोजिम २०१६ साल आषाढ १५ गते नेपालका प्रथम महालेखापरीक्षकको नियुक्तिसँगै स्थापना भएको यस कार्यालय ५९ औं वर्ष पूरा गरी ६० औं वर्षमा प्रवेश गरेको छ । कार्यालयको ६० औं बार्षिकोत्सव अर्थात् हीरक-जयन्ती समारोह सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूको समुपस्थितिमा २०७५/०३/१५ गते सम्पन्न भयो ।

कार्यक्रममा आफ्नो मन्तव्य राख्दै सम्माननीय राष्ट्रपतिज्यूले महालेखापरीक्षक कार्यालयबाट गत वर्षदेखि कार्यान्वयनमा ल्याइएको महालेखापरीक्षकको ६ वर्षे कार्ययोजनाद्वारा मुलुकको वित्तीय व्यवस्थापन प्रणालीमा सुधार गर्न लेखापरीक्षण विधि र पद्धतिमा गरेको सुधार, सम्बन्धित पदाधिकारीलाई जवाफदेही बनाउन गरिएको प्रयास, महालेखापरीक्षकको कार्यालय भवन निर्माणमा भएको तिव्रता लगायतका भौतिक पूर्वाधार व्यवस्था र कार्यालयको संगठनात्मक, भौतिक तथा कानुनी सुधारमा भइरहेका कार्यहरु प्रसंशनीय रहेको व्यहोरा उल्लेख गर्नुभएको छ । यसका अलवा मन्तव्यका क्रममा सम्माननीयज्यूबाट कार्यालयको सीमित स्रोत साधन र जनशक्ति तथा विविध कठिनाइका बाबजूद स्थानीय तह समेतको लेखापरीक्षण सम्पन्न गरी महालेखापरीक्षकको ५५ औं वार्षिक प्रतिवेदन मार्फत् प्रस्तुत गरेका नतिजा सह्रानीय रहेको बताउनुभयो ।

सम्माननीय राष्ट्रिपतिज्यूबाट व्यक्त भएको उल्लिखित मन्तव्यले यस कार्यालयबाट सम्पादित कार्यको उच्च मूल्यांकन गरेको देखिन्छ । सम्माननीयज्यूले यस कार्यालय प्रति गरेको विश्वास र भरोसाले कार्यालयको कार्य सम्पादन अवस्थालाई अझ बढी नतिजामुखी बनाउने चुनौती समेत सिर्जना गरेको छ । त्यसै ले लेखापरीक्षकहरुको पेशागत मर्यादामा आँच आउन नदिई वित्तीय प्रशासनमा रहेका विकृति र समस्याहरु सुधारका लागि कार्यान्वयन योग्य सुझावहरु अझ परिस्कृत ढंगले प्रस्तुत गर्नुपर्ने साझा दायित्वलाई कुशलतापूर्वक निर्वाह गर्नुपर्ने देखिन्छ ।

क्रमश: पेज १८ मा

माननीय महालेखा परीक्षकज्यूको सन्देश



वि.सं. २०१६ साल आषाढ १५ गते नेपालको पहिलो महालेखापरीक्षकको नियुक्तिसँगै महालेखापरीक्षकको कार्यालय स्थापना भएको आज ५९ वर्ष पूरा भई ६०औं वर्षमा प्रवेश गरेको छ। महालेखापरीक्षकको कार्यालयको हीरक-जयन्ती समारोह मनाइ रहँदा महालेखापरीक्षकको कार्यालयलाई स्थापनाकालदेखि यहाँसम्म ल्याईपुऱ्याउन विशिष्ट नेतृत्व र योगदान दिनु भएका नेपालका पूर्व महालेखापरीक्षकज्यूहरु लगायत यस सर्वोच्च लेखापरीक्षण संस्थामा विगत र वर्तमानमा कार्यरत कर्मचारीहरुको योगदानको उच्च कदर गर्दै उहाँहरुको प्रशंसा गर्न चाहन्छु । महालेखापरीक्षकको कार्यालयले सुशासन कायम गर्ने सन्दर्भमा "जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रबर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने" दूरदृष्टि र सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने गन्तव्य निर्धारण गरी योजनाबद्ध ढंगले अगाडि बढेको छ ।

नेपालको संविधानद्वारा महालेखापरीक्षकलाई तोकेको जिम्मेवारी बमोजिम आर्थिक बर्ष २०७४।७५ मा आर्थिक बर्ष २०७३/७४ र सोभन्दा अघिको आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्नगरी "महालेखापरीक्षकको ५५औं वार्षिक प्रतिवेदन, २०७४" सम्माननीय राष्ट्रपतिज्यू समक्ष मिति २०७४/१२/२९ मा पेश गरिसकेको छ । उक्त प्रतिवेदन अवधिमा १० हजारभन्दा बढी निकायको करिब रु.५२ खर्बको लेखापरीक्षण सम्पन्न भएको छ । सो अवधिमा सरकारी कार्यालय, स्थानीय तह र समिति तर्फ समेत गरी रु.१ खर्ब २० अर्ब ९१ करोड बेरुजू कायम भएको छ । हालसम्म असुल फछ्यौंट एवं कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक बेरुजू रकम रु.५ खर्ब ८ करोड पुगेको छ ।

नेपालको संविधानमा निर्दिष्ट भए बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेतको आधारमा आर्थिक कारोबारको मूल्यांकन गरी पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न महालेखापरीक्षक प्रतिवद्ध रहेको छ । यस क्रममा मैले बार्षिक प्रतिवेदन मार्फत लेखापरीक्षणका क्रममा देखिएका विकास निर्माण, राजस्व, खर्च, सेवा प्रवाह लगायत वित्तीय प्रशासनका विविध पक्षमा रहेका मुख्य कमजोरी औंल्याउदै सुधारका लागि सुझावहरु पेश गरेको छु । ती सुझावहरु मूलत: ऐन नियमको परिपालना, लेखा तथा आर्थिक विवरणको यथार्थता, आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षण, सरकारी सम्पत्तिको संरक्षण र उपयोग, बजेट व्यवस्थापन र स्रोत-साधनको परिचालन, राजस्व असुली, पुन:निर्माण तथा पुन:स्थापना, प्राकृतिक स्रोत तथा सांस्कृतिक सम्पदाको संरक्षण, स्थानीय तहको वित्तीय व्यवस्थापन, सार्वजनिक सेवाप्रवाह लगायतका क्षेत्रसँग सम्बन्धित रहेका छन् ।

यी सुझाव कार्यान्वयनबाट सार्वजनिक स्रोत साधनको

क्रमश: पेज ७ मा

हीरक-जयन्ती समारोहमा सम्माननीय राष्ट्रपतिज्यूको मन्तव्य



सम्माननीय राष्ट्रपतिज्यूले कार्यालयको हीरक-जयन्ती समारोहमा आफ्नो मन्तव्य राख्नुहुँदै ।

माननीय महालेखापरीक्षक, संवैधानिक अङ्गका प्रमुख तथा पदाधिकारीहरु, राष्ट्रसेवकहरु, भद्र महिला तथा सज्जनवृन्द ।

- महालेखापरीक्षकबाट नेपालको संविधान तथा प्रचलित कानून बमोजिम सरकारी निकायको लेखा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण गर्ने कार्यको संवैधानिक दायित्व निर्वाह गरेको आज ५९ वर्ष पूरा भई ६० वर्षमा प्रवेश गरेको छ । यस अवसरमा विशेष उत्सवको रुपमा हीरक-जयन्ती समारोहको आयोजना गरिएको खुशी व्यक्त गर्दै सफलताको शुभकामना दिन चाहन्छु ।
- सार्वजनिक आर्थिक क्रियाकलापमा पारदर्शिता र जवाफदेहिता प्रबर्द्धन गर्न महालेखापरीक्षकको कार्यालयको महत्वपूर्ण भूमिका रहेको छ । आफ्नो स्थापनाको ६० औं वार्षिकोत्सव समारोहको यस कार्यक्रम मार्फत् लेखापरीक्षण कार्यलाई अझ प्रभावकारी र परिणाममूखी बनाउन निरन्तर सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।
- पछिल्लो समयमा महालेखापरीक्षकका प्रतिवेदन उपर सरोकारवालाहरुको चासो र जिज्ञासामा वृद्धि हुँदै गएको पाइन्छ । नेपाली जनता आफूले तिरेको करको सदुपयोगको अपचलन भएको छ छैन भन्ने कुरामा आश्वस्त हुन चाहन्छन् । जनताको यो अपेक्षा पूरा गर्न महालेखापरीक्षकको कार्यालय थप सबल र सक्षम बन्दै जानेछ भन्ने विश्वास लिएको छु ।
- महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा बजेट अनुशासन, खरिद व्यवस्थापन, आयोजना व्यवस्थापन, जिम्मेवारी र जवाफदेहिता, आन्तरिक नियन्त्रण, राजस्व प्रशासन, संस्थान संचालन र सार्वजनिक सेवाप्रवाह लगायतका विषय टिप्पणी सहित सुझाव प्रस्तुत भएका छन् । ती टिप्पणीको गहन अध्ययन र सुपरिवेक्षण तथा सुझाव कार्यान्वयनमा नेपाल सरकार, संघीय संसद तथा अन्य सरोकारवाला निकायहरु गम्भिर हुनुपर्दछ । जसबाट राज्यका हरेक निकायमा सुधारका कार्यहरुले गति लिन सकून् ।
- महालेखापरीक्षकको वार्षिक प्रतिवेदनले बेरुजू औंल्याउने गरेको तीतो यथार्थ हामीसँग छ । सार्वजनिक आर्थिक कारोबारमा देखिएको बेरुजू अंकले ती निकायहरुमा वित्तीय अनुशासनको स्थिति कमजोर रहेको इंगित गर्दछ । आर्थिक अनुशासन पालनामा आउने ह्रासले वर्तमान सरकारको "समृद्ध नेपाल र सुखी नेपाली" निर्माण गर्ने लक्ष्यमा बाधा उत्पन्न हुन सक्ने अवस्थालाई नेपाल सरकारले समयमै सम्बोधन गर्नेछ भन्ने विश्वास लिएको छु।
- सार्वजनिक वित्तीय व्यवहारमा पारदर्शिता र स्वच्छता हासिल गरी मुद्राको सार्थकता प्राप्त गर्ने तथा सार्वजनिक प्रशासनमा देखिएका अनियमितता, चुहावट र भ्रष्टाचारजन्य कार्यलाई नियन्त्रण गर्दै मुलुकमा विकास र समृद्धिको वातावरण सिर्जना गर्न राज्यका सम्पूर्ण निकायको एकीकृत र समन्वयात्मक प्रयास हुनुपर्दछ । फलस्वरुप परिवर्तित संघीय स्वरुपको राज्य संचालन प्रक्रियामा दिगोपना र समृद्धि हासिल गर्ने लक्ष्य प्राप्तिमा मार्ग प्रशस्त हुनेछ ।
- महालेखापरीक्षक कार्यालयबाट गत वर्षदेखि कार्यान्वयनमा ल्याइएको महालेखापरीक्षकको ६ वर्षे कार्ययोजनाद्वारा मुलुकको वित्तीय व्यवस्थापन प्रणालीमा सुधार गर्न लेखापरीक्षण विधि र पद्धतिमा गरेको सुधार, सम्बन्धित पदाधिकारीलाई जवाफदेही बनाउन गरिएको प्रयास, महालेखापरीक्षकको कार्यालय भवन निर्माणमा भएको तिव्रता लगायतका भौतिक पूर्वाधार व्यवस्था र कार्यालयको संगठनात्मक, भौतिक तथा कानुनी सुधारमा भइरहेका कार्यहरु प्रसंशनीय रहेका छन् ।
- गत वर्ष महालेखापरीक्षकको नियुक्तिसँगै ५९ औं वार्षिक उत्सव समारोहमा सहभागी भएको आज असार १५ गते १ वर्ष पूरा भएको छ । यस अवधिमा कार्यालयको सीमित स्रोत साधन र जनशक्ति तथा विविध कठिनाइका बाबजूद स्थानीय तहसमेतको लेखापरीक्षण सम्पन्न गरी महालेखापरीक्षकको ५५ औं वार्षिक प्रतिवेदन मार्फत् प्रस्तुत गरेका नतिजाहरु सह्रानीय रहेका छन् । आगामी दिनमा पनि

क्रमश: पेज २२ मा

हीरक-जयन्तीको अवसरमा गरिएको सम्वादको सम्पादित अंश:

नरकान्त अधिकारी, पूर्व-महालेखापरीक्षक



वि.सं. २०४१ देखि २०४७ सालसम्म नेपालको महालेखापरीक्षक रहनु भएका श्री नरकान्त अधिकारी हाल ९८ वर्षको हुनुहुन्छ । लेखापरीक्षणका सन्दर्भमा विगतमा मुलुकलाई ५ क्षेत्रमा विभाजन गरेर कार्ययोजना बनाउने गरिएको, तथ्यांक के लिने, के सोध्ने सम्बन्धमा छलफल गरेर कार्यारम्भ हुने गरेको अनुभव बताउनुहुन्छ । उहाँको कार्यकालमा विवरणहरु संकलन गरेर प्रतिवेदन तयार गरिन्थ्यो तर प्रतिवेदन तयारीको कार्य ढिला हुने गर्दथ्यो ।

कर्मचारीहरु मासिक वृत्तिमा रमाइलो मान्ने गरेको सम्झना सुनाउँदै उहाँले किताबी ज्ञानको अभाव भएता पनि तालिम, अनुशिक्षण विधिबाट कर्मचारीलाई प्रशिक्षित गर्ने गरिएको स्मरण गर्नुभयो । उँहाले लेखापरीक्षण गर्दा धेरै कुराहरु जानकारी हुने तर कार्यान्वयन योग्य एंव हितकारी विषय प्रतिवेदन गर्ने गरेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ लेखापरीक्षण कार्य सजिलो छैन, यसमा शुद्धताको मूल्य धेरै छ यसतर्फ ध्यान दिनुपर्छ । उहाँ लेखापरीक्षकलाई Read much, Write more, Think most भन्ने सल्लाह दिनुहुन्छ ।

गेहेन्द्रनाथ अधिकारी, पूर्व-महालेखापरीक्षक



वि.सं. २०६० देखि २०६३ सालसम्म नेपालको महालेखापरीक्षक रहनु भएका श्री गेहेन्द्रनाथ अधिकारी महालेखापरीक्षकको कार्यालय सरकार र जनता बीचको वैधानिक सेतु भएको बताउनुहुन्छ । उहाँले विगतमा फिल्ड अफिस खडा गरी साधारण, वित्तीय र कार्यमूलक लेखापरीक्षण हुने र लेखापरीक्षण प्रतिवेदनका सुझावहरु न्यून कार्यान्वयन हुने गरेको उल्लेख गर्नुभयो ।

संवादका क्रममा उहाँले कार्यालयको कार्यसम्पादन स्थिति विगतभन्दा वर्तमानमा धेरै सुधार भएको बताउदै खासगरी असल अभ्यास, भौतिक स्रोत साधनको उपलब्धता, प्रविधिको प्रयोग लगायतले लेखापरीक्षण कार्यलाई पारदर्शी बनाउदै लगेको बताउनुभयो । उहाँले लेखापरीक्षणको आयतन बढ्दै जादा दरवन्दी संख्या कम रहेको, लेखापरीक्षण गर्दा आँखाले अनुभूति गर्ने गरी खर्च हुने ठाँउमा गएर हेर्नुपर्ने, फिल्ड निरीक्षण बढाउनुपर्ने साथै खर्चको उत्पत्ति हुने स्थानमा तहगत अनुगमन हुनुपर्ने बताउनु हुन्छ । विकास नागरिक केन्द्रित भएजस्तै अडिट पनि नागरिक केन्द्रित हुनुपर्दछ । वित्तीय सुशासन, आर्थिक अनुशासन र पारदर्शिता कायम गर्दै वित्तीय क्षेत्रलाई मर्यादित बनाउन महालेखापरीक्षकको प्रतिवेदन आधार र सहयोगी बन्नुपर्ने उहाँको धारणा छ ।

भानुप्रसाद आचार्य, पूर्व-महालेखापरीक्षक



वि.सं. २०७० वैशाख देखि वि.सं. २०७३ असारसम्म नेपालको महालेखापरीक्षकको जिम्मेवारी निर्वाह गर्नुभएका श्री भानुप्रसाद आचार्यले आफ्नो नियुक्ती पश्चात् महालेखापरीक्षकको कार्यालयको कार्यगत स्वायत्तताका लागि प्रयत्न गरेको भएता पनि त्यसले मूर्तरुप लिन नसकेको कुरा बताउनु हुन्छ ।

उहाँका अनुसार महालेखापरीक्षकको कार्यालयले बदलिदो मान्यताअनुसार लेखापरीक्षण पद्दति र अभ्यासमा सुधार गर्नुपर्दछ र जोखिममा आधारित लेखापरीक्षण विधिलाई प्रभावकारी बनाई लेखापरीक्षणको प्रभाव वृद्धि गर्न ध्यान दिनुपर्दछ । विगतमा राजनैतिक अस्थिरताका कारण लेखापरीक्षण प्रतिवेदनका सुझावहरुको कार्यान्वयन अवस्था उत्साहजनक देखिएको छैन । लेखापरीक्षण प्रतिवेदन सरल र पाठक मैत्री हुन आवश्यक छ । साथै महालेखापरीक्षकको प्रतिवेदन ढाँचामा पनि एकरुपता कायम गर्नेतर्फ उहाँले ध्यानाकर्षण गराउनुहुन्छ ।

मुलुक अहिले संघीय शासन प्रणालीमा गएकोले शासकीय प्रणाली अनुरुप महालेखापरीक्षकको कार्यालयको संगठनात्मक संरचना तयार गर्नुपर्ने देखिन्छ । महालेखापरीक्षकको कार्यालयले वित्तीय जवाफदेहिता प्रबर्द्धन गर्न असल अभ्यासको थालनी आफूबाट गर्नुपर्दछ । जसबाट सरोकारवालालाई समेत सुधारका लागि प्रेरणा मिलोस् । लेखापरीक्षणको गुणस्तरमा सुधारका लागि पारदर्शिता, सरोकारवाला पक्षसँग छलफल, विशेषज्ञ सेवा, गुणस्तर आश्वस्तता लगायतका पक्षमा सुधारका कार्यलाई निरन्तरता दिनुपर्ने उँहाको सुझाव छ । लेखापरीक्षणको सम्बन्ध शासकीय प्रणालीको सुधारसँग रहन्छ । उहाँले कार्यकारी निकायले सम्पादन गरेका काममा लेखापरीक्षण प्रतिवेदन मार्फत संसदीय निगरानी गर्ने र लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनलाई प्रभावकारी बनाउन सार्वजनिक लेखा समितिले समयमै छलफल गरी कार्यकारी निकायलाई आवश्यक निर्देशन दिई त्यसको प्रभावकारी कार्यान्वयनमा ध्यान दिनुपर्ने बताउनुभयो ।

विमला सुवेदी, पूर्व-उपमहालेखापरीक्षक



पूर्व उप-महालेखापरीक्षक श्री विमला सुवेदी महालेखापरीक्षकको कार्यालमा वि.सं. २०३९ सालमा सेवा प्रवेश गरी वि.सं. २०७१ सालमा सेवा निवृत्त हुनु भएको हो । उहाँले सेवा प्रवेश गर्दा लेखापरीक्षण विधि र प्रक्रियामा अन्योलताको अवस्था रहेको स्मरण गर्दै हाल यस क्षेत्रमा भएको

विकास र अवलम्बन गरिएका पद्दतिले लेखापरीक्षणका विविध पक्षमा स्पष्टता आएको बताउनु हुन्छ ।

लेखापरीक्षणको अभ्यासस‍ँगै महालेखापरीक्षकको कार्यालयको नीतिगत, कानूनी, भौतिक पूर्वाधार, लेखापरीक्षण विधि र तरिकामा समेत सुधार हुदै गएको छ । विशेषगरी एकल निर्णयबाट सामूहिक निर्णय प्रक्रियाको अवलम्वन, प्रतिवेदनको गुणस्तरीयता, कर्मचारीहरुको वृत्ति विकासको अवसर, सेवा सुविधामा सुधार, योजनाबद्ध लेखापरीक्षण पद्दति, जनशक्ति विकास, प्रविधिको प्रयोग लगायतका विषयमा भएका सुधारले कार्यालयको कार्यसम्पादन अवस्थालाई प्रभावकारी बनाउँदै लगेको छ । तर पनि लेखापरीक्षण योजना तथ्यपरक बनाउने, लेखापरीक्षण प्रतिवेदन माथिको छलफललाई प्रभावकारी बनाउने, लेखापरीक्षणको समयतालिका लचक बनाउने, माथिल्लो तहबाट लेखापरीक्षणको अवधिमा निरन्तर सुपरिवेक्षण र अनुगमन हुनुपर्ने, कार्यमूलक लेखापरीक्षणको क्षेत्रमा बिस्तार गर्नुपर्ने, सार्वजनिक संस्थानको लेखापरीक्षणमा विशेष ध्यान दिनुपर्ने, महालेखापरीक्षकबाट दिएका सुझाव पृष्ठपोषणको रुपमा लिई त्यसको अनुगमन गर्ने तर्फ ध्यान दिनुपर्ने उहाँको सुझाव छ ।

देवबहादुर बोहोरा, पूर्व-उपमहालेखापरीक्षक



वि.सं. २०३८ सालमा लेखापरीक्षण अधिकारीबाट सेवा प्रवेश गर्नुभएका श्री देबबहादुर बोहोरा २०६९ चैत्रमा उपमहालेखापरीक्षकबाट सेवा निवृत हुनुभयो । विगतमा महालेखापरीक्षकको कार्यालयमा रहँदा जनशक्ति विकास, लेखापरीक्षण स्टान्डर्ड, लेखापरीक्षण योजना आदि बेगर कार्यसम्पादन हुन्थ्यो भने समयक्रमस‍ँगै हाल यी विषयहरुमा सुधार हुँदै गएको छ । लेखापरीक्षणको प्रभाव र प्रतिवेदन कार्यान्वयनको स्थिति पनि धेरै फरक हुँदै आएको छ ।

महालेखापरीक्षकको कार्य सम्पादन स्थिति पनि विगत र वर्तमानमा धेरै फरक भएको छ । कार्यालयमा सम्पादन हुने कार्यहरु अहिले प्रविधिमैत्री बन्दै गएकाले अहिले कार्य सम्पादनमा पनि केही सहज भएको छ । तर आफ्नो पालामा हस्तलिखित र पूर्वाधार विहीन अवस्थामा काम गर्नुपरेको उहाँले स्मरण गर्नुभयो । विगतको तुलनामा कर्मचारीको विदेशमा एक्सपोजर बढेको छ । अहिले लेखापरीक्षणको मानदण्ड प्रयोग गरिन्छन् । लेखापरीक्षण कार्य निरन्तर सुधारको स्थितिमा छ । तर पनि म्यान्डेट अनुसार थप सुधार गर्नुपर्ने उहाँको बुझाइ छ ।

आगामी दिनमा महालेखापरीक्षकको कार्यालय तथा लेखा परीक्षणलाई प्रभावकारी बनाउन ज्ञान, सीप, उत्प्रेरणा र क्षमतामा ध्यान दिनुपर्ने, अन्तर्राष्ट्रियस्तरमा सहभागिता बढाउनु पर्ने र 'म्याण्डेड' अनुसार लेखापरीक्षण प्रतिवेदन समयको आधारमा लचक बनाउनु पर्ने उहाँको भनाइ छ । त्यसैगरी बेरूजु हुनैपर्छ भन्ने मान्यतालाई पूरै हटाइनुपर्ने उहाँ बताउनुहुन्छ ।

रामबाबु नेपाल, पूर्व-नायव महालेखापरीक्षक



वि.सं. २०३४ सालमा लेखापरीक्षण अधिकारी पदबाट सेवा प्रवेश गर्नु भई वि.सं. २०६० साल असारमा नायब महालेखापरीक्षक पदबाट सेवा निवृत्त हुनु भएका श्री रामबाबु नेपाल कठिनाईका बाबजुद पनि आफू उदाहरणीय बन्नुपर्छ भन्ने मान्यतामा कार्यालय संचालन हुने गरेको स्मरण गर्नु हुन्छ । विगतमा लेखापरीक्षण र सम्परीक्षण गर्ने कार्य जटिल भएको सन्दर्भमा हाल यसमा क्रमिक सुधार हुदै गएको र परिवर्तित सन्दर्भमा लेखापरीक्षण र सम्परीक्षणमा सरोकारवालाको पहुँच बृद्धि गर्न ध्यान दिनुपर्ने बताउनु हुन्छ ।

पछिल्लो समयमा लेखापरीक्षणको चेतनामा बिस्तार हुनु, कार्यालय प्रमुख छलफलमा सहभागी हुनु, लेखापरीक्षणका सिद्धान्त, मानदण्ड र कानून व्यवस्थित हुनु, समयबद्ध प्रतिवेदन प्रणाली अवलम्वन हुनु जस्ता सकारात्मक पक्ष रहेका छन् । लेखापरीक्षण मार्फत शासकीय प्रणालीको विश्लेषण गरी सोही अनुरुप लेखापरीक्षण प्रणाली अवलम्वन गर्ने तथा प्रतिवेदन जतिसक्दो छिटो पेश गर्न सकियो त्यति नै लेखापरीक्षणको प्रभावकारिता वृद्धि हुने उहाँको बुझाइ छ । सार्वजनिक लेखा समितिले लेखापरीक्षण प्रतिवेदनको छलफल गरेर सरकारलाई निर्देशन दिन ढिला गरेमा प्रतिवेदनको सान्दर्भिकता घट्ने हुँदा यसका लागि महालेखापरीक्षकको कार्यालयबाट पनि पहल कदमी लिनुपर्ने बताउनुहुन्छ ।

उद्धव सापकोटा, पूर्व-नायव महालेखापरीक्षक



कार्यालयको नायव महालेखापरीक्षक पदबाट वि.सं. २०७२ सालमा सेवा निवृत्त हुनुभएका श्री उद्धव सापकोटा महालेखापरीक्षकको कार्यालयलाई सरकारको बाटो देखाउने निकायको रुपमा लिनुहुन्छ । कार्यालयले स्थापना कालदेखि नै स्रोत साधनको अभाव झेल्दै आएको र वर्तमान अवस्थामा धेरै सुधार भएको बताउनहुन्छ ।

विगतमा राजस्व र विनियोजनको फरक फरक टोलीबाट लेखापरीक्षण हुने गरेको, वैदेशिक लगानी र परियोजनाहरुको लेखापरीक्षणले बढी महत्व राख्ने गरेको र लेखापरीक्षणका स्पष्ट मानदण्ड तथा विधिको अभाव रहेको थियो । बिस्तारै लेखापरिक्षण प्रक्रियामा विशिष्टीकरण हुँदे आएको छ । हाल जोखिममा आधारित र कार्यमूलक लेखापरीक्षण विधि अवलम्वन गरिएको छ । यसले लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न सहयोग गर्दछ । कार्यालयले जनशक्ति विकास र प्रविधिको

उपयोगमा ध्यान दिनुपर्दछ । उहाँ लेखापरीक्षण प्रतिवेदनलाई सरल र स्पष्ट बनाउनुपर्ने बताउनुहुन्छ ।

उहाँले महालेखापरीक्षकको प्रतिवेदनको कार्यान्वयनमा सार्वजनिक लेखा समिति, नेपाल सरकार र महालेखापरीक्षकको कार्यालयको त्रिपक्षीय भूमिका रहने उल्लेख गर्दै पछिल्लो समयमा कार्यालयले जिन्सी लेखापरीक्षणमा विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

सुरेन्द्र अर्याल, सचिव-सार्वजनिक लेखा समिति



सार्वजनिक लेखा समितिमा रहेर लामो समय काम गर्नुभएका श्री सुरेन्द्र अर्यालले महालेखापरीक्षकको कार्यालयले संविधानले निदृष्ट गरेको जिम्मेवारी बमोजिम सार्वजनिक कोषको लेखापरीक्षण गरेर तोकिए बमोजिमको प्रतिवेदन पेश गर्दै आएको बताउनुहुन्छ । प्रतिवेदनको गुणस्तर, समग्र परीक्षण र निर्क्यौल संसदको सार्वजनिक लेखा समितिमा हुन्छ । सार्वजनिक लेखा समितिमा मुख्यतया राष्ट्रिय महत्वका विषय र लेखापरीक्षण प्रतिवेदन उपर छलफल हुने गर्दछ। पछिल्लो समय लेखापरीक्षण प्रतिवेदन उपरको छलफलले अपेक्षित गति लिएको छैन । प्रतिवेदन उपरको छलफल हुन केही मन्त्रालयको ५/७ वर्ष र धेरैजसो निकायको १/२ वर्ष बाँकी रहेको छ । सार्वजनिक लेखा समिति स्वयम् पनि विधि निर्माण प्रक्रियामा संलग्न हुँदा नियमित रुपमा छलफल हुन नसकेको बताउनुहुनछ ।

महालेखापरीक्षकको कार्यालयले कानूनी आधारमा कार्य सम्पादन गर्ने गरेको बताउँदै चरणबद्ध रुपमा आकार दिएको प्रतिवेदनका विषयहरु छलफलको क्रममा सजिलै फछ्यौंट हुँदा यसको गहनता कम हुने तर्फ महालेखापरीक्षकको कार्यालयको ध्यानाकृष्ट गराउनु भयो । त्यसैले उहाँ प्रतिवेदन गुणस्तरीय, विशिष्टीकृत, यर्थाथपरक, समय सान्दर्भिक विषयवस्तुहरु समावेश हुनुपर्ने बताउनुहुन्छ । त्यस्तै, एकै प्रकृतिका विषयवस्तुलाई दोहोऱ्याउँदा प्रतिवेदनको गहनता Ritual बन्ने उँहाको तर्क छ। महालेखापरीक्षकको प्रतिवेदनले ठोस सुझाव दिने, सान्दर्भिक विषयवस्तु उठान गर्ने, Post audit भन्दा पनि Concurrent audit मा बढी ध्यान दिनुपर्ने, आफ्नो कार्यको पुनरावलोकन गर्ने, कार्यमूलक लेखापरीक्षणमा जोड दिने तथा प्रतिवेदनको ढाँचामा एकरुपता ल्याई संगठनात्मक प्रतिवेदन लेखन पद्धतिको विकास गर्नुपर्ने बताउनुहुन्छ ।

छलफलका क्रममा उहाँले सार्वजनिक लेखा समितिले छिट्टै आकार ग्रहण गर्न लागेको बताउदै उँहाले आगामी दिनमा कार्ययोजना बनाएर हप्तामा कम्तीमा तीन दिन प्रतिवेदन उपर छलफल गर्ने कार्ययोजना बनाउन लागेको बताउनुभयो । कार्यमूलक लेखापरीक्षण प्रतिवेदनको छलफल सघन बनाउन महालेखापरीक्षक र सार्वजनिक लेखा समितिले पनि विशेष ध्यान दिन सकेमा नतिजा प्राप्त गर्न सहज हुने देखिन्छ । समग्र प्रतिवेदनको प्रभावकारी कार्यान्वयनमा सार्वजनिक लेखा समिति, महालेखापरीक्षक र कार्यकारी निकायको आ-आफ्नो भूमिका रहने हुँदा सार्वजनिक वित्तीय व्यवस्थापनमा जवाफदेहिता कायम गर्न त्रिपक्षीय जिम्मेवारी रहने उँहाको बुझाइ छ ।

महालेखापरीक्षकको कार्यालयको हीरक .....

गराउनुभयो ।

सो अवसरमा सम्माननीय राष्ट्रपतिज्यूबाट पूर्व महालेखापरीक्षक श्री गेहेन्द्रनाथ अधिकारीलाई सम्मान गर्नुका साथै महालेखापरीक्षकको कार्यालयमा उत्कृष्ट काम गर्ने ७ कर्मचारी नायव-महालेखापरीक्षक श्री महेश्वर काफ्ले, निर्देशक श्री ताराप्रसाद पाण्डे, लेखारीक्षण अधिकारी श्री चन्द्रप्रकाश रेग्मी, लेखारीक्षण अधिकारी श्री कल्पना अर्याल, लेखारीक्षण अधीक्षक श्री दीपकराज आचार्य र श्री कृष्णराज रावल तथा कार्यालय सहयोगी श्री सुमनचन्द्र घिमिरेलाई पुरस्कृत गरिएको थियो ।

कार्यक्रममा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालले महालेखापरीक्षकको कार्यालयले सुशासन कायम गर्ने सन्दर्भमा "जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठाको प्रवर्द्धन गरी विश्वसनीय संस्था हुन प्रयत्नशील रहने र सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने गन्तव्य निर्धारण गरी योजनाबद्ध ढंगले अगाडि बढेको बताउनुभयो । उँहाले विकास निर्माण, राजस्व खर्च, सेवा प्रवाह लगायत वित्तीय प्रशासनका विविध पक्षमा रहेका कमजोरीहरुको सुधारका लागि महालेखापरीक्षकको प्रतिवेदनले औंल्याएका सुझाव कार्यान्वयनबाट सार्वजनिक स्रोत साधनको संरक्षण र उपयोगमा दक्षता अभिवृद्धि हुने अपेक्षा रहेको बताउनुभयो । आगामी आर्थिक बर्षमा लेखापरीक्षणलाई थप प्रभावकारी बनाउन वित्तीय र नियमितताको अतिरिक्त राष्ट्रिय महत्वका विषयहरु छनौट गरी कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षणको संख्या वृद्धि गरिने उल्लेख गर्नुभयो । साथै संघ, प्रदेश र स्थानीय तिनै तहको राजस्व आम्दानी र खर्च व्यस्थापन, विकास निर्माण, सेवा प्रवाह, प्रशासनिक खर्च, सार्वजनिक सम्पतिको समुचित उपयोग र कार्यक्रमको कार्यान्वयन सम्बन्धमा लेखापरीक्षणका माध्यमबाट दक्षता, मितव्ययिता एवं प्रभाकारिता वृद्धि गर्ने कार्यमा प्रयत्नशील रहने धारण व्यक्त गर्नुभयो ।

हीरक-जयन्ती समारोहमा सहभागी हुन कार्यालयका कर्मचारीहरु महालेखापरीक्षकको कार्यालय बबरमहलबाट कार्यालयको मूल्य, मान्यता र कार्यविधि झल्कने प्ले कार्ड सहित समारोहस्थल राष्ट्रिय सभा गृह, प्रदर्शनी मार्ग पुगेका थिए ।

माननीय महालेखा परीक्षकज्यूको .....

संरक्षण र उपयोगमा दक्षता अभिवृद्धि हुने अपेक्षा लिएको छु ।

प्रत्येक वर्ष बेरुजूको अंक वृद्धि भइरहेको सन्दर्भमा मुलुकको आर्थिक अनुशासनका विषयमा सार्वजनिक चासो र सरोकार बढ्दै गएको छ । लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोराहरु फछ्यौंट र कार्यान्वयन गर्ने गराउने तर्फ अझ पनि तदारुकता नदेखाइएमा सार्वजनिक वित्तीय प्रशासनमा अनुशासन कायम गराउन थप चुनौतीपूर्ण बन्दै जानेछ । यस प्रवृतिमा सुधार गर्न अभियानको रुपमा पुराना बेरुजू फछ्यौंट गर्ने तथा नयाँ कारोबाहरुमा अनियमितता हुन नपाउने गरी आन्तरिक नियन्त्रण प्रणाली र आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनु जरुरी छ । त्यसै गरी सार्वजनिक संस्थानहरुले निश्चित समयावधि भित्र लेखापरीक्षण सम्पन्न गरी गराई फरफारक गर्नु पर्ने देखिएको छ ।

नेपालको संविधान अनुसार मुलुक संघीय शासन प्रणालीमा रुपान्तरण भए पश्चात् संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारबाट स्वायत रुपमा विकास निर्माण, सेवा प्रवाह र वित्तीय प्रशासन संचालन भइरहेको छ । संघ, प्रदेश र स्थानीय तहका निकायहरुका आर्थिक कार्यविधि र वित्तीय प्रशासनको विविधताले शुरुका बर्षहरुमा मुलुकको वित्तीय प्रशासनको खाकामा एकरुपता र आर्थिक अनुशासन कायम गर्न चुनौतीपूर्ण देखिएको छ । यसतर्फ समयमै हाम्रो ध्यान जानुपर्दछ ।

संघीयता कार्यान्वयन सँगै वित्तीय प्रशासनको समेत विकेन्द्रीकरण भएको छ । यस अवस्थामा निर्वाचित जनप्रतिनिधि तथा सार्वजनिक पदमा नियुक्त पदाधिकारी, कर्मचारी र सेवा प्रदायकहरुमा आफूले गरेका निर्णय तथा कार्यको जिम्मेवारी र जवाफदेहिता वहन गर्नु पर्ने स्थापित मान्यतामा जागरुकता आउनु पर्ने देखिएको छ ।

आगामी आर्थिक बर्षमा लेखापरीक्षणलाई अझ बढी प्रभावकारी बनाउनका लागि वित्तीय र नियमितताको अतिरिक्त केही राष्ट्रिय महत्वका विषयहरु छनौट गरी कार्यमूलक लेखापरीक्षणको संख्या वृद्धि गर्ने गरी बार्षिक लेखापरीक्षण योजना तर्जुमा गरिएको छ । यसका साथै वातावरणीय, सूचना प्रविधि लगायतका विशेष लेखापरीक्षण गर्ने योजना र वित्तीय जवाफदेहिता पालनाको मूल्यांकन गर्ने समेत रहेको छ । यस किसिमको लेखापरीक्षण नतिजाबाट सम्बद्ध विषयहरुको यथार्थ स्थिति सार्वजनिक हुने अपेक्षा गरिएको छ ।

यस बर्ष आर्थिक बर्ष २०७४।७५ र सो भन्दा अघिको बक्यौता समेत संघ, प्रदेश र स्थानीय तहको करिब ५ हजार ५ सय निकायको लेखापरीक्षण सम्पन्न गर्ने कार्ययोजना रहेको छ । जसअनुसार २०७५ श्रावण महिनाको दोश्रो हप्ता देखि लेखापरीक्षण कार्यको थालनी भई २०७५ माघ मसान्त सम्म तीन चरणमा सम्पन्न गरी २०७५ चैत्र मसान्तभित्र सम्माननीय राष्ट्रपतिज्यू समक्ष प्रतिवेदन पेश गरिनेछ ।

नेपालको संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तहको समेत महालेखापरीक्षकबाट लेखापरीक्षण गरिने व्यवस्थाले महालेखापरीक्षकको जिम्मेवारी थप भएको छ । जिम्मेवारी थप भए अनुसार कार्यसम्पादन गर्न थप जनशक्ति व्यवस्था भई नसकेकोले गतबर्ष निजी क्षेत्रका लेखापरीक्षकको सेवा लिई स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरिएको थियो ।

महालेखापरीक्षकको कार्यालयमा हाल कार्यरत जनशक्तिबाट केन्द्र देखी दूरदराजमा रहेका स्थानीय तहको लेखापरीक्षण तथा अनुगमन गर्न नसकिने भएकाले यस बर्ष पनि पुनः निजी क्षेत्रका लेखापरीक्षक करारमा लिई केन्द्रबाटै लेखापरीक्षण कार्य संचालन गर्नु पर्ने अवस्था रहेको छ । प्रस्तुत सन्दर्भमा महालेखापरीक्षकलाई संविधानले निर्दिष्ट गरेको जिम्मेवारी निर्वाह गर्न नेपाल सरकारबाट आवश्यक सहयोग प्राप्त हुनेछ भन्ने अपेक्षा गरेको छु ।

महालेखापरीक्षक नेपालको संविधान र कानूनले निर्दिष्ट गरेको जिम्मेवारी निर्वाह गर्न प्रतिबद्ध छ । सर्वोच्च लेखापरीक्षण संस्थाको रुपमा रहेको महालेखापरीक्षकको अन्तर्राष्ट्रिय मान्यता अनुरुपको स्वतन्त्रता र स्वायत्तता कायम हुनु जरुरी छ । महालेखापरीक्षकको प्रशासनिक तथा वित्तीय स्वायत्तताको लागि कानुनी सुधार गर्नुपर्ने महशुस गरिएको छ ।

नेपालको महालेखापरीक्षकको कार्यालय सर्वोच्च लेखापरीक्षण संस्थाको अन्तराष्ट्रिय संगठनको सदस्यता प्राप्त गरेको ५० वर्ष पुगेको छ । त्यसैगरी कार्यालय सर्वोच्च लेखापरीक्षण संस्थाको एसियाली संगठनको सदस्य समेत रहेकोमा हाल उक्त संस्थाको कार्यकारी संचालक परिषद्को सदस्यको रुपमा कार्य गर्दै आइरहेको छ भने महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचलनमा रहेका असल अभ्यासको अनुसरण गरिदैं आएको छ ।

लेखापरीक्षण प्रणाली र प्रकृयामा समेत निरन्तर सुधारको आवश्यकता पर्दछ । यसै सन्दर्भमा लेखापरीक्षणको गुणस्तर सुधार गरी प्रभावकारिता अभिवृद्धि गर्न महालेखापरीक्षकको छ वर्षे कार्ययोजना गतवर्षदेखि कार्यान्वयनमा रहेको छ । जसमा संगठनात्मक व्यवस्था र कार्यप्रणाली सुधार, लेखापरीक्षणको विधि र प्रकृयामा सुधार, नीति तथा कानूनी सुधार, न्यूनतम भौतिक पूर्वाधारको व्यवस्था, लेखापरीक्षणमा सूचना प्रविधिको प्रयोग, कर्मचारीको क्षमता अभिवृद्धि, सरोकारवालासँगको सम्बन्ध विस्तार अर्न्तगतका क्रियाकलापहरु समावेश गरिएका छन् । उक्त कार्ययोजना कार्यान्वयनका लागि समयसीमा सहितको कार्यतालिका समेत लागू गरिएको छ ।

भौतिक पूर्वाधार अन्तर्गत सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०७४ मार्ग १८ मा शिलान्यास भएको कार्यालय भवन द्रुत गतिमा निर्माण भइरहेको छ । यस कार्यमा संलग्न प्राविधिकहरु र निर्माण व्यवसायीलाई हाल सम्मको प्रगतिको लागि धन्यवाद दिदै निर्धारित समयमा भवन निर्माण कार्य सम्पन्न गरी उदाहरणीय बन्ने विश्वास लिएको छु ।

महालेखापरीक्षको जिम्मेवारी निर्वाहमा सबै क्षेत्रको सहयोग र सद्भाव आवश्यक छ । यस क्रममा सम्माननीय राष्ट्रपतिज्यू लगायत प्रतिनिधि सभा, राष्ट्रिय सभा, सार्वजनिक लेखा समिति, संवैधानिक निकायहरु, नेपाल सरकार, प्रदेश र स्थानीय तह, विकास साझेदार, नागरिक समाज, संचारकर्मी, विज्ञ विशेषज्ञ, आम नागरिक समेतबाट प्राप्त भएको सहयोग र सद्भावका लागि हार्दिक धन्यवाद व्यक्त गर्दछु ।


श्री टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

(यो सन्देश महालेखापरीक्षकको कार्यालयको हीरक-जयन्ती समारोहका अवसरमा माननीय महालेखापरीक्षकज्यूले दिनुभएको मन्तव्यका आधारमा तयार पारिएको हो ।)

हीरक-जयन्ती समारोहसँग सम्बन्धीत तस्वीरहरु



सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले पानसमा दिप प्रज्वलन गरी हीरक-जयन्ती समारोहको उद्घाटन गर्नुहुँदै ।



माननीय महालेखापरीक्षज्यूले हीरक-जयन्ती समारोहमा आफ्नो मन्तव्य राख्नुहुँदै ।



हीरक-जयन्ती समारोहको अवसरमा सम्माननीय राष्ट्रपति र माननीय महालेखापरीक्षज्यूसँग सामुहिक तस्वीर लिदैं पुरस्कृत कर्मचारीहरु ।



सम्माननीय राष्ट्रपति र माननीय महालेखापरीक्षकज्यूसँग पूर्व-महालेखापरीक्षक श्री गेहेन्द्रनाथ अधिकारी र हीरक-जयन्ती समारोह आयोजक समितिका पदाधिकारीहरु



हीरक -जयन्ती समारोहको अवसरमा उपस्थित अतिथि गण



हीरक-जयन्ती समारोहको उपलक्ष्यमा नेपाली सेनाको व्याण्ड बाजा सहितको प्रभात फेरी कार्यक्रम



हीरक-जयन्ती समारोहको अवसरमा आयोजित प्रभातफेरी कार्यक्रम ।



माननीय महालेखापरीक्षकज्यूसँग सामूहिक तस्वीर लिदैं कर्मचारीहरु



सेवा निवृत्त नायव-महालेखापरीक्षक श्री उद्धवचन्द्र श्रेष्ठलाई बिदाई गर्नुहुदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल



हीरक-जयन्ती समारोहका उपलक्ष्यमा आयोजित रक्तदान कार्यक्रम



विभिन्न कार्यक्रमहरुमा पुरस्कृत कर्मचारीहरु

अन्तर्राष्ट्रिय कार्यक्रम

चीनमा वित्तीय अभिलेख तथा लेखापरीक्षण प्रणाली सम्बन्धी कार्यक्रममा सहभागिता

चीन सरकारको Central University of Finance and Economics (CUFE) को निमन्त्रणमा २१ जुन, २०१८ देखि ५ जुलाई २०१८ सम्म चीनको राजधानी बेइजिङ्गमा आयोजना भएको कार्यक्रममा महालेखापरीक्षकको कार्यालयका ८ र महालेखा नियन्त्रक कार्यालयका १२ गरी २० जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा चीन सरकारको सार्वजनिक खर्च, सार्वजनिक वित्तीय तथा कर प्रणाली, लेखापरीक्षणका सिद्धान्त र चीनमा यसको अभ्यासका विविध पक्षहरुमा छलफल भएको थियो । सो कार्यक्रममा चीनले वित्तीय तथा कर प्रणालीमा गरेका सुधार एवं अवलम्वन गरेका नविनतम अभ्यास तथा सुशासन प्रर्बद्धनमा सार्वजनिक खर्चको सदुपयोग प्राप्त गर्न प्रयोग गरिएका विभिन्न औजार हरुको सम्बन्धमा नेपाली टोलीलाई जानकारी गराइएको थियो ।

सो क्रममा आयोजक विश्वविद्यालयका तर्फबाट विश्वविद्यालयका सहायक डिनले तालिम समापनको अवसरमा सहभागीहरुलाई प्रमाणपत्र प्रदान गर्दै यस प्रकारका कार्यक्रमहरु आगामी दिनमा पनि सञ्चालन हुँदै जाने व्यहोरा अवगत गराउनु भएको थियो ।



भारतमा सूचना प्रविधि लेखापरीक्षण योजनाको बैठकमा सहभागिता

मिति २०७५/०३/१० देखि २०७५/०३/१६ सम्म भारतको नोयडामा आयोजित Sub Regional Audit Planning Meeting कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा Feb 26 – Apr 27 मा 2018 ASOSAI Capacity Development Program on IT Audit in 2018-2019 अन्तरर्गतको eLearning course on IT audit मा सहभागी भएका भारत, बंगलादेश, मालदिभ्स, भुटान, कजाकस्तान, किर्गिस्तान, अर्मेनिया तथा साईप्रसका र नेपालका ३ समेत गरी २२ जनाको सहभागिता रहेको थियो ।



कार्यक्रममा सूचना प्रविधिको लेखापरीक्षण गर्न महालेखा नियन्त्रक कार्यालयद्वारा लागू एकल खाता कोष TSA को IT security system को बिषयमा लेखापरीक्षण मस्यौदा योजनाका सम्बन्धमा नेपालको तर्फबाट टोली प्रमुख श्री यमनाथ खनालले प्रस्तुतीकरण गर्नु भएको थियो । साथै अन्य सर्वोच्च लेखापरीक्षण संस्थाबाट Peer Review मा उठेका जिज्ञासा तथा नेपालको कार्य अनुभव समेत आदान प्रदान गरिएको थियो । उक्त कार्यक्रममा नेपालको तर्फबाट लेखापरीक्षण अधिकारी त्रय श्री यमनाथ खनाल, श्री वैभवद्वीप श्रेष्ठ र श्री लेखबहादुर थापाले सहभागिता जनाउनु भएको थियो ।

लेखापरीक्षण विषयमा अन्तर्राष्ट्रिय स्नातकोत्तरको उपाधि

यस कार्यालयका निर्देशक श्री हुमनाथ सुवेदी र लेखापरीक्षण अधिकारी श्री यज्ञप्रसाद वस्तीले मित्र राष्ट्र चीन सरकारको China Scholarship Council मातहत China Government Scholarship Auditing Master Program (CGSAMP) अन्तर्गत Nanjing Audit University बाट २ वर्षे Master in Auditing कोर्स पूरा गर्नुभएको छ। उहाँहरुले यस कार्यालयका कर्मचारी मध्येबाट सर्वप्रथम लेखापरीक्षण सम्बन्धी विषयमा अन्तर्राष्ट्रिय स्नातकोत्तरको उपाधि प्राप्त गर्नुभएको छ। उक्त विषय अध्ययनका लागि चीन सरकारले ३५ राष्ट्रबाट सर्वोच्च लेखापरीक्षण संस्थाका ५० जना विद्यार्थीलाई छात्रवृति उपलब्ध गराएको थियो।

National Audit Office of China का Deputy Auditor General Ms. Qin Boyong ले दिक्षान्त समारोहको प्रमुख आतिथ्यता गर्दै आगामी दिनमा पनि यस प्रकारका अध्ययनले निरन्तरता पाँउदै जाने बताउनुभयो। सो कार्यक्रममा उहाँले यस प्रकारको अध्ययन कार्यक्रमबाट सार्वजनिक लेखापरीक्षणमा दक्षता वृद्धि गर्नुका साथै लेखापरीक्षणका विविध विषयमा अन्तर्राष्ट्रिय रुपमा एकरुपता कायम हुने तथा लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्नमा समेत सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।



यस कार्यालयका कर्मचारीद्वय श्री हुमनाथ सुवेदी (बाँया) र यज्ञप्रसाद वस्ती (दाँया) लेखापरीक्षणमा स्नातकोत्तर उपाधिबाट दिक्षित हुनुहुँदै।

IDI Blended Learning Specialist को प्रमाणपत्र प्रदान

२६, वैशाख २०७५



INTOSAI Development Initiative(IDI) को सहयोग र Asian Organization of Supreme Audit Institutions (ASOSAI) को आयोजनामा IDI-ASOSAI Blended Learning Specialist Certification Program-2018 अर्न्तगत नेपालको सर्वोच्च लेखापरीक्षण संस्थाको तर्फबाट लेखापरीक्षण अधिकारी श्री सन्तोष सापकोटाले माननीय महालेखापरीक्षक श्री टंकमणी शर्मा दंगालज्यूबाट एक कार्यक्रम बीच IDI-ASOSAI Blended Learning Specialist को प्रमाणपत्र प्राप्त गर्नु भयो। ASOSAI Region का ११ सर्वोच्च लेखापरीक्षण संस्थाबाट पहिलो चरणमा २७ फेब्रुअरी देखी ५ मे, २०१७ सम्म सहभागी ५९ मध्ये उत्तिर्ण ३४ IDI eLearning Specialist लाई दोश्रो चरणमा बैंककमा आयोजना गरिएको कार्यशालाका लागि छनौट गरिएकोमा अन्तर्वार्ता र तालिम सामग्रीको मूल्यांकन पश्चात् ASOSAI ले सापकोटालाई प्रमाणपत्र दिएको हो। प्रमाणपत्र प्राप्त गर्ने सापकोटालाई IDI र ASOSAI ले आगामी दिनमा स्रोत व्यक्तिको रुपमा र महालेखापरीक्षकको कार्यालयबाट सञ्चालन गरिने क्षमता विकाससँग सम्बन्धित कार्यक्रममा स्रोत व्यक्तिको रुपमा उपयोग गर्न सकिने छ।



"SAI- FIGHTING CORRUPTION" कार्यशाला गोष्ठी सम्पन्न

सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तराष्ट्रिय संगठन (इन्टोसाई) अर्न्तगतको इन्टोसाई डेभलप्मेन्ट इनिसियटिभ (IDI) को सहयोगमा महालेखापरीक्षकको कार्यालयले काठमाडौँमा आयोजना गरेको "SAI FIGHTING CORRUPTION" कार्यशाला गोष्ठीको माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा (दंगाल) बाट उद्घाटन भयो । भ्रष्टाचार निवारण सम्बन्धमा संस्थागत व्यवस्थाको कार्यमूलक लेखापरीक्षण गर्न सर्वोच्च लेखापरीक्षण संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले मिति २०७५/०३/१८ देखि २०७५/०३/२९ सम्म आयोजना गरिएको उक्त गोष्ठीमा एशिया प्रशान्त क्षेत्रका अफ्गानिस्तान, चीन, माल्दीभ्स, पाकिस्तान, थाईल्याण्ड, नेपाल, मलेसिया, फिजी, सालमोन आईसल्याण्ड, भानुआटा, समाओ गरी ११ देशका सर्वोच्च लेखापरीक्षण संस्थाबाट ३२ जना सहभागी तथा नेपाल, क्यामरुन, थाईल्याण्ड र गुआमका चार जना प्रशिक्षकहरुको सहभागिता रहेको थियो ।

कार्यक्रमको उद्घाटन गर्दै माननीय महालेखापरीक्षकले राष्ट्रका लागि भ्रष्टाचार गम्भीर अपराध भएको र यसले आर्थिक समृद्धि, समानता एंव सामाजिक न्यायमा बाधा पुऱ्याउने, लगानीको वातावरण कमजोर पार्ने तथा नागरिकहरुको आधारभूत अधिकार प्राप्तिलाई अवरोध गर्ने बताउनुभयो। भ्रष्टाचार निवारणमा सर्वोच्च लेखापरीक्षण संस्थाहरुले महत्वपूर्ण भूमिका खेल्न सक्ने विषयमा चर्चा गर्दै सर्वोच्च लेखापरीक्षण संस्थाहरुले निष्ठा, इमान्दारिता, जवाफदेहिता, पारदर्शिताको प्रर्दशन एवं प्रवर्द्धन गरी अन्य सरकारी निकायहरुको लागि उदाहरणीय बन्नुपर्ने बताउनुभयो। महालेखापरीक्षकको कार्यालको रणनीतिक योजना, कार्य संचालन योजना र महालेखापरीक्षकको कार्य योजनाहरुले उच्च जोखिम रहेको क्षेत्रहरुलाई लेखापरीक्षणमा प्राथमिकता दिनुका साथै ती निकायहरुको नेतृत्वको लेखापरीक्षण समेत शुरुवात गरेको बताउनुभयो ।

सो अवसरमा माननीय महालेखापरीक्षकज्यूले आई.डि.आई.ले इन्टोसाईका सदस्य राष्ट्रका सर्वोच्च लेखापरीक्षण संस्थाहरुको क्षमता विकासमा गरेको योगदानको प्रशंसा गर्नुभयो । यस्ता कार्यक्रमहरु आपसी सहयोग, ज्ञान आदान प्रदान गर्ने उपयुक्त माध्यम भएको बताउँदै कार्यक्रमको सफलताको कामना व्यक्त गर्नुभयो ।

सो अवसरमा आई.डि.आई.का क्षमता विकास प्रबन्धक अलेन रोजर मेम्भु लिन्डोउले महालेखापरीक्षकको कार्यालयको हीरक-जयन्तीको अवसरमा बधाई तथा शुभकामना व्यक्त गर्दै नेपालले यो कार्यक्रम संचालन गर्न पुऱ्याएको योगदान प्रति आभार व्यक्त गर्नुभयो । मन्तव्यका क्रममा उहाँले सर्वोच्च लेखापरीक्षण संस्थाको क्षमता विकास गर्ने सम्बन्धमा आई.डि.आई.को उद्देश्य, क्षेत्र तथा भावी कार्यदिशा बारेमा जानकारी गराउँदै यस कार्यक्रमले भ्रष्टाचार न्यूनीकरण गर्न लेखापरीक्षण प्रणालीको लागि आवश्यक सुझाव प्रस्तुत गर्न सहयोग गर्ने अपेक्षा व्यक्त गर्नुभयो ।



SAI Fighting corruption- IDI's Global Programme मा सहभागी सर्वोच्च लेखारीक्षण संस्थाका प्रतिनिधिहरु

महालेखापरीक्षकको एक वर्षको कार्य सम्पादन

नेपालको संविधान बमोजिम मिति २०७४/०२/०८ गते नेपालको महालेखापरीक्षकमा नियुक्त हुनु भएका माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा "दंगाल" ले कार्यभार सम्हालेको मिति २०७५/०२/०७ गते १ वर्ष पूरा भएको छ। यस अवधिमा सम्पादन भएका प्रमुख कार्य तथा प्राप्त उपलब्धिहरु देहायबमोजिम रहेका छन्।

क्र.सं.	विषयगत क्षेत्रहरु	प्राप्त मुख्य उपलब्धि
१	आर्थिक वर्ष २०७३/७४ को लेखापरीक्षण	• आर्थिक वर्ष २०७३/७४ को संघ र स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष माननीय महालेखापरीक्षकज्यूबाट २०७४/१२/२९ मा महालेखापरीक्षकको ५५ औं बार्षिक प्रतिवेदन पेश गरिएको छ। • यो वर्ष सरकारी निकाय, संगठित संस्था, स्थानीय निकाय/तह, जिल्ला विकास/समन्वय समिति समेत गरी १० हजार ११ निकायको रु.४६ खर्ब ८७ अर्ब ९१ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। • ७३८ स्थानीय तहको बेग्ला बेग्लै प्रतिवेदन तयार गरी प्रदेशगत रुपमा र सारांश समेत प्रकाशन गरिएको छ। • लेखापरीक्षणबाट ६ हजार ६१६ सरकारी निकायतर्फ रु.१७ खर्ब ५२ अर्ब ९३ करोडको लेखापरीक्षणबाट रु.९४ अर्ब ८२ करोड अर्थात् ५.४१ प्रतिशत र स्थानीय तहतर्फ साविकका स्थानीय निकाय ३३७४ सहित ७४४ स्थानीय तहमध्ये ७३८ को रु.१ खर्ब ८० अर्ब ३१ करोडको लेखापरीक्षणबाट रु.१४ अर्ब २५ करोड अर्थात् ७.९० प्रतिशत बेरुजू कायम भएको छ। • यो वर्ष सार्वजनिक संस्था, जिल्ला विकास समिति र अन्य समिति ८९७ को रु.२७ खर्ब ५४ अर्ब ६७ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। यस बाहेक २१ सार्वजनिक संस्थाको लेखापरीक्षणको लागि परामर्श उपलब्ध गराइएको छ। • गत वर्षसम्मको बाँकी बेरुजू रु.२ खर्ब २२ अर्ब ५३ करोडमा यो वर्ष रु.५२ अर्ब ९१ करोड फछ्यौंट भई बाँकी रहेको रु.१ खर्ब ६९ अर्ब ६२ करोडमा यो वर्षको बेरुजू रु.१ खर्ब २० अर्ब ९१ करोड समेत रु.२ खर्ब ९० अर्ब ५३ करोड बाँकी रहेको छ। • लेखापरीक्षण तथा सम्परीक्षणबाट यो वर्ष रु.१४ अर्ब ९ करोड असुल भएको छ। • गत वर्ष असुल फछ्यौंट गर्नुपर्ने बेरुजू तथा कारबाही गरी टुङ्गो लगाउनुपर्ने अन्य रकम रु.३ खर्ब ९६ अर्ब २६ करोड रहेकोमा यस वर्षको अन्तमा रु.५ खर्ब ८ करोड पुगेको छ।
२	संगठन संरचना	• संविधान र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तह समेतको लेखापरीक्षण गर्न र प्रदेशस्तर सम्म कार्यालय स्थापना गर्ने प्रयोजनका लागि नयाँ संगठन संरचना सहित व्यवस्थापन सर्वेक्षण गरी स्वीकृतिका लागि नेपाल सरकारमा पेश भएकोमा हाल उक्त प्रस्ताव स्वीकृतिका लागि अन्तिम चरणमा रहेको छ।
३	कानूनी तथा नीतिगत	• नेपालको संविधान अनुसार लेखापरीक्षण ऐनलाई समयसापेक्ष र प्रभावकारी बनाउन लेखापरीक्षण विधेयक तयार भई संघीय संसदमा पेश हुने अवस्थामा रहेको छ। • लेखापरीक्षणको गुणस्तर सुधार, क्षमता विकास, संगठनात्मक सुधार लगायतसँग सम्बन्धित ११० क्रियाकलाप समावेश गरी महालेखापरीक्षकको ६ वर्षे कार्ययोजना (२०७४-२०८०) तयार गरी कार्यान्वयनमा ल्याइएको छ।
४	भौतिक पूर्वाधार	• काठमाडौंमा कार्यालय भवन निर्माणका लागि सम्माननीय राष्ट्रपतिज्यूबाट मिति २०७४।०८।१८ गते शिलान्यास भई हाल तिव्र गतिमा निर्माण कार्य भै रहेको छ। • कार्यालयमा तालिम हल व्यवस्थापन गर्नुको अतिरिक्त केही महानिर्देशनालयलाई बेग्लै भवनमा व्यवस्थापन गर्ने गरी कार्य वातावरण तयार गरिएको छ। • यस अवधिमा थप ९ सवारी साधन प्राप्त गरी संचालनमा ल्याइएको छ।

५	कार्य प्रणाली	• कार्यालयको पेशागत मूल्य र मान्यताको आधारमा वस्तुनिष्ठता, विश्वसनीयता, पेशागत मर्यादा तथा व्यावसायिक कार्य संस्कृतिको विकासका लागि आन्तरिक सुधारको कार्यलाई निरन्तरता दिइएको छ । • समयमै लेखापरीक्षण योजना तयार गर्ने र सम्बन्धित निकायलाई जानकारी गराउने कार्यको थालनी भएको छ । • लेखापरीक्षणसँग सम्बन्धित विषय, गुनासा र अन्य क्रियाकलाप बारे कार्यालयलाई जानकारी गराउन सार्वजनिक संचार माध्यमबाट आम नागरिक समक्ष सूचना प्रवाह गरिएको छ । • कार्यमूलक लेखापरीक्षणलाई केन्द्रित गरी सोही अनुसार विषय छनौट र जनशक्ति परिचालन गर्ने कार्यको थालनी गरिएको छ । • लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न लेखापरीक्षण योजना, कार्यान्वयन तथा प्रतिवेदन चरणमा छलफल र गुणस्तर नियन्त्रणका विधिहरुको अवलम्बन गरिएको छ । • लेखापरीक्षणका समग्र कार्यहरुमा गुणस्तर कायम गर्न निरीक्षण तथा अनुगमन निर्देशनालयको स्थापना गरी अनुगमन कार्यलाई प्रभावकारी बनाइएको छ ।
६	संस्थागत सुदृढीकरण	• लेखापरीक्षणका क्षेत्रमा सहयोग गर्न तथा महालेखापरीक्षणको ६ वर्षे कार्ययोजनाको कार्यान्वयनका लागि विश्व बैंकको सहयोगमा रु.४२ करोड खर्च गर्ने गरी महालेखापरीक्षकको कार्यालयको संस्थागत सुदृढीकरण गर्न सम्झौता भएको छ ।
७	जनशक्ति व्यवस्थापन तथा क्षमता विकास	• कर्मचारी क्षमता विकासका लागि आन्तरिक तालिम तथा स्वदेशी कार्यक्रममा कर्मचारीहरुको सहभागिता हुने स्थितिमा वृद्धि हुँदै गएको छ । • १ वर्षको अवधिमा १०१ कर्मचारी लेखापरीक्षणसँग सम्बन्धित वैदेशिक तालिम, गोष्ठी तथा कार्यक्रममा सहभागी भएका छन् । • हाल ३ कर्मचारी लेखापरीक्षणसँग सम्बन्धित विषयमा अध्ययनका लागि मित्रराष्ट्र चीनमा रहेका छन् ।
८	वित्तीय अनुशासन र जवाफदेहिता	• नेपाल सरकारका सचिव, विभागीय प्रमुख र एक अर्ब भन्दा बढी रकमको आयोजना प्रमुख जस्ता पदमा विशेष जिम्मेवारी दिंदा महालेखापरीक्षको कार्यालयबाट वित्तीय अनुशासन पालनाको विवरण लिई वित्तीय जवाफदेहिता पालना स्तर समेतको आधार लिने कार्यको थालनी भएको छ । • निकायगत रुपमा बेरुजू सिर्जना गर्ने जिम्मेवार पदाधिकारीको समयावधि र निजको कार्यसँग सम्बन्धित बेरुजू रकम यकिन गर्ने तथा जिम्मेवार लेखा उत्तरदायी अधिकृतलाई समेत जवाफदेही बनाउन प्रतिवेदनमा नाम सार्वजनिक गरिएको छ । • विगत वर्षदेखि लेखापरीक्षण वक्यौता रहेका संस्था, कार्यालय र सार्वजनिक संस्थाको लेखापरीक्षण सम्पन्न गर्ने कार्यलाई प्राथमिकता दिइएको छ भने बाँकी रहेका कार्यालयको हकमा सम्बन्धित तालुक निकायलाई आवश्यक कारबाहीका लागि पत्राचार गरिएको छ ।
९	संस्थागत सम्बन्ध र संचार	• संवैधानिक निकाय, लेखापरीक्षण सल्लाहकार समिति, नागरिक समाज तथा यस क्षेत्रमा क्रियाशील अन्य अन्तराष्ट्रिय संस्थाहरुसँग सम्बन्ध बिस्तारको कार्यमा जोड दिइएको छ । • लेखापरीक्षण र वित्तीय जवाफदेहिता सम्बन्धी गतिविधिहरु समावेश गरी मासिक रुपमा लेखापरीक्षण बुलेटिनको प्रकाशन गरिएको र नियमिति रुपमा टेलिभिजन बहस गराईएको छ ।

२०७५ वैशाख, जेठ र आषाढ महिनामा सञ्चालित कार्यालय गतिविधिहरू

सि.नं	मिति	स्थान	कार्यक्रम	छलफलको संक्षिप्त व्यहोरा	सहभागितता
१	२०७५ वैशाख १० देखि १४	न्होम्पेन, कम्बोडिया	SAIs Engaging with Stakeholders	आ-आफ्नो देशको प्रतिवेदन प्रस्तुत, अर्को देशको प्रतिवेदन पुनरावलोकन, तथा प्रतिवेदनमा एकरुपता कायम गर्नका लागि प्रतिवेदनको ढाँचा	नायव महालेखापरीक्षक श्री पदमराज पौडेल र निर्देशक श्री रमेश बाबु के.सी. सहित ASOSAI/PASAI का १५ देशका प्रतिनिधिहरु
२	२०७५ वैशाख १४	महालेखा परीक्षकको कार्यालय, काठमाडौं	महालेखापरीक्षकको ५५ औं वार्षिक प्रतिवेदनको समीक्षा	सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश भएको महालेखापरीक्षकको ५५ औं वार्षिक प्रतिवेदनका सवल पक्ष, आगामी दिनमा गर्नुपर्ने सुधारका क्षेत्र र लेखापरीक्षणको प्रभाव वृद्धि गर्ने उपायहरु	माननीय महालेखापरीक्षक र लेखापरीक्षण सल्लाहकार समितिका पदाधिकारीहरु
३	२०७५ जेठ ७ देखि ११	नाञ्जिङ्ग, चीन	दिगो विकास लक्ष्यको लेखापरीक्षण	दिगो विकासका १७ लक्ष्य १६९ सहायक लक्ष्यहरुको लेखापरीक्षण गर्दा अपनाउनु पर्ने विधि, तरिका, ध्यान दिनुपर्ने क्षेत्र तथा हालसम्म यस सम्बन्धमा भएको प्रगति स्थिति	नेपाल सहित १४ देशका सर्वोच्च लेखापरीक्षण संस्थाका ४१ कर्मचारी
४	२०७५ जेठ १४ देखि १५	मनिला, फिलिपिन्स	Strategy Round table and Capacity Building	IPSAS को Cash Basis, Modified Cash Basis, Modified Accrual Accounting System को १५६ मुलुकले अवलम्बन गरेको स्थिति, Accrued Based IPSAS अवलम्बन ३८% रहेको मध्ये वेल्स, मलेसिया, पोर्चुगल, इण्डोनेसियामा भएको अभ्यास, सन् २०२० सम्मको लक्ष्य र सो प्राप्त गर्ने रणनीति	नायव महालेखापरीक्षक श्री विवेकानन्द घिमिरेले र सह-महालेखा नियन्त्रक श्री जगन्नाथ देवकोटा
५	२०७५ जेठ २७	महालेखा परीक्षकको कार्यालय, काठमाडौं	सांस्कृतिक सम्पदा संरक्षण र व्यवस्थापन	सांस्कृतिक सम्पदा संरक्षणको विद्यमान अवस्था, जिर्णोद्धार कार्यमा भएको प्रगति, पुनः निर्माण कार्यमा दातृ निकायबाट भएको सहायता, बेरुजूको फछ्यौंट तथा पर्यटक तथा पर्यटकीय स्थानको व्यवस्थापन	माननीय महालेखापरीक्षक र विषयगत मन्त्रालयका सचिव र अन्तर्गत निकायका सम्बन्धित पदाधिकारीहरु
६	२०७५ जेठ २८		भूकम्पपछि सरकारी भवनको पुनः निर्माणको स्थिति	विशेष परिस्थितिमा कार्य गर्न गठन भएको राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको कार्य सञ्चालन स्थिति, सिंहदरबार लगायत सरकारी भवनहरुको पुननिर्माणको अवस्था र यसको व्यवस्थापन	माननीय महालेखापरीक्षक र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका सचिव सहितका पदाधिकारीहरु
७	२०७५ जेठ ३१		वैज्ञानिक वन व्यवस्थापनको प्रभावकारिता	वैज्ञानिक वन व्यवस्थापनको लगानी र प्रतिफल, हाल वन क्षेत्रको अवस्था तथा वैज्ञानिक वन व्यवस्थापन र यसको आर्थिक, सामाजिक र वातावरणीय प्रभाव	माननीय महालेखापरीक्षक, वन तथा वातावरण मन्त्रालयका सचिव र लेखा प्रमुख लगायत कार्यालयका अन्य पदाधिकारीहरु
८	२०७५ आषाढ ४		कृषि अनुसन्धानको प्रभावकारीता	कृषि अनुसन्धानको क्षेत्रमा लगानी, कृषि क्षेत्रको आधुनिकीकरण तथा यान्त्रीकीकरण र यस क्षेत्रमा रहेका समस्याहरु	माननीय महालेखापरीक्षक र विषयगत मन्त्रालयका सचिव र अन्तर्गत निकायका सम्बन्धित पदाधिकारीहरु
९	२०७५ आषाढ ०८		सरकारी सवारी साधन व्यवस्थापन	सरकारी सवारी साधनको प्राप्ति, अभिलेख, संरक्षण, उपयोग र व्यवस्थापनका विविध पक्षहरु	माननीय महालेखापरीक्षक र नेपाल सरकारका विशिष्ट श्रेणीका कर्मचारी सहित पदाधिकारीहरु
१०	२०७५ आषाढ १०		संगठित संस्थाहरुको लेखापरीक्षण	संगठित संस्थाहरुको लेखापरीक्षण अवस्था, लेखापरीक्षणमा देखिएका समस्या र सामाधान	माननीय महालेखापरीक्षक, संगठित संस्थाका लेखापरीक्षक र कार्यालयका पदाधिकारीहरु

वार्षिक लेखापरीक्षण योजना, २०७५ बाट साभार गरिएका प्रमुख विषय

१. स्थलगत लेखापरीक्षण कार्यतालिका

जिल्ला वा क्षेत्र	टोली खटाउने अवधि	लेखापरीक्षण गरिने जिल्लाहरु	कार्यालय इकाई संख्या (स्थानीय तह समेत)	परिचालन गरिने कर्मचारी संख्या (अनुमानित)
पहिलो चरण ३० जिल्ला	२०७५ श्रावण १५ गतेबाट भाद्र मसान्त सम्म	दार्चुला, बैतडी, डडेल्धुरा, बझाङ, बाजुरा, डोटी, अछाम, मुगु, जुम्ला, हुम्ला, डोल्पा, कालिकोट, दैलेख, जाजरकोट, रुकुम पूर्व, रुकुम पश्चिम, रोल्पा, प्युठान, सल्यान, गुल्मी, अर्घाखाची, पाल्पा, मुस्ताङ, म्याग्दी, मनाङ, रसुवा, नुवाकोट, सोलुखुम्बु, ओखलढुंगा र ताप्लेजुङ	१४०५	२०२
काठमाडौं उपत्यका	२०७५ श्रावण १५ गते देखि माघ मसान्तसम्म	काठमाडौं उपत्यका (काठमाडौं, ललितपुर र भक्तपुर)	८१७	३००
दोस्रो चरण २५ जिल्ला	२०७५ मार्ग पहिलो हप्ताबाट पौष दोस्रो हप्तासम्म	कञ्चनपुर, कैलाली, बाँके, बर्दिया, सुर्खेत, दाङ, रुपन्देही, नवलपुर, परासी, कपिलवस्तु, पर्वत, बाग्लुङ, कास्की, स्याङ्जा, लम्जुङ, तनहुँ, गोरखा, पर्सा, बारा, रौतहट, चितवन, मकवानपुर, खोटाङ, भोजपुर र संखुवासभा	१९०९	२७८
तेस्रो चरण १९ जिल्ला	२०७५ पौष दोस्रो हप्ताबाट दोस्रो हप्तासम्म मसान्तसम्म	धादिङ, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली, सर्लाही, महोत्तरी, धनुषा, उदयपुर, सिराहा, सप्तरी, सुनसरी, मोरङ, धनकुटा, तेह्रथुम, झापा, ईलाम र पाँचथर	१३२८	२००
		जम्मा	५४५९	९८०

स्थलगत लेखापरीक्षण टोली खटाउँदा महा/निर्देशनालयको कार्य प्रकृति (Nature of work), निकाय संख्या एवं कार्यबोझ, उपलब्ध जनशक्ति, आयोजना हिसब प्रमाणीकरण र भूगोल प्रधानता (Geographically Centered) समेतलाई विचार गरी देहायबमोजिम गर्ने व्यवस्था मिलाइनेछ । लेखापरीक्षणको अवधि आवश्यकताअनुसार ४५ दिनसम्म गर्न सकिनेछ ।

लेखापरीक्षण टोलीको गठन गर्दा उपलब्ध जनशक्तिको क्षमता, सङ्ख्या, कार्यारम्भ र मितिजस्ता विषयहरूका आधारमा निर्देशकको नेतृत्वमा रहने गरी कर्मचारीहरूको एक वा एकभन्दा बढी समूह बनाई तोकिने छ ।

स्थानीय तहको लेखापरीक्षणका लागि कार्यालयको टोली प्रमुखको मातहतमा रहने गरी आवश्यकता अनुसार अनुभवी, विशेषज्ञ एवं विज्ञको सेवा लिई कार्य गर्ने व्यवस्था मिलाउन सकिनेछ । प्रतिवेदनमा त्यसरी नियुक्ति गरिने कर्मचारीको समेत हस्ताक्षर गराउनु पर्नेछ । साथै स्थानीय तहमा गत विगतका बेरुजू अद्यावधिक रहे नरहेको परीक्षण गरी सोलाई प्रतिवेदनमा औंल्याउनु पर्नेछ ।

सम्पादकीय .....

यसैबीच आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षणका लागि महालेखापरीक्षणको बार्षिक लेखापरीक्षण योजना, २०७५ स्वीकृत भई कार्यान्वयनमा आएको छ। उक्त योजनाले वित्तीय लेखापरीक्षणका अलावा कार्यमूलक लेखापरीक्षण र सार्वजनिक निकायबाट हुने सेवा प्रवाहको स्थितिमा ध्यान दिँदै लेखापरीक्षणको गुणस्तर नियन्त्रण र आश्वस्ततालाई समेत उच्च महत्व दिएको छ । योजनाले अपेक्षा गरे अनुसार महालेखापरीक्षकको ५६ औं बार्षिक प्रतिवेदनलाई गुणस्तरीय र प्रभावकारी बनाउन यसको कार्यान्वयन पक्षमा विषेश ध्यान दिनुपर्दछ ।

*(**नोट :** यस अंकमा २०७५ वैशाख र जेष्ठ महिनाका कार्यालय गतिविधीहरु समेत समावेश गरिएको छ ।)*

२. कार्यमूलक लेखापरीक्षणका लागि छनौट भएका विषयहरू

क. कार्यमूलक लेखापरीक्षण निर्देशनालयबाट लेखारीक्षण गरिने विषयहरू

सि.नं.	विषय	निकाय	कैफियत
१	प्राकृतिक स्रोतको उपयोग (वैज्ञानिक वन व्यवस्थापन)	वन विभाग, जिल्ला वन कार्यालयहरु (नवलपरासी, चितवन, बर्दिया, सुर्खेत, कैलाली), सारनाथ र रतुवामाई वन परियोजना लगायतका कार्यालयहरु	कार्यमूलक लेखापरीक्षणमात्र
२	सांस्कृतिक सम्पदा संरक्षण र सम्वर्द्धन	संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पुरातत्व विभाग, नारायणहिटी संग्रहालय, गोरखा दरबार तथा हनुमानढोका संरक्षण कार्यालयहरु, बृहत्तर जनकपुर क्षेत्र विकास समिति लगायतका कार्यालयहरु	कार्यमूलक लेखापरीक्षणमात्र
३	सार्वजनिक र सरकारी जमिनको उपयोग	भूमिसुधार तथा व्यवस्थापन विभाग, उपत्यकाभित्रका मालपोत कार्यालय-कलंकी, डिल्लीबजार, चावहिल, ललितपुर, टोखा, मालपोत कार्यालयहरु रुपन्देही, पोखरा, बिरगंज, मोरङ सुर्खेत र धनगढी लगायतका कार्यालयहरु	कार्यमूलक लेखापरीक्षणमात्र
४	सरकारी सवारी साधन व्यवस्थापन	गृह, अर्थ, भौतिक योजना तथा निर्माण मन्त्रालय लगायत केन्द्रीय निकायहरु, यातायात व्यवस्था विभाग लगायतका कार्यालयहरु	कार्यमूलक लेखापरीक्षणमात्र
५	गैरसरकारी संस्थाहरुको अनुगमन	अर्थ मन्त्रालय, समाज कल्याण परिषद्, जिल्ला प्रशासन कार्यालय काठमाडौँ, ललितपुर, धादिङ, नुवाकोट, सिन्धुपाल्चोक, डडेल्धुरा, जुम्ला र मुगु लगायतका कार्यालयहरु	कार्यमूलक लेखापरीक्षणमात्र
६	औषधी व्यवस्थापन	क्षेत्रीय मेडिकल स्टोरहरु धनगढी, नेपालगञ्ज, बुटवल, हेटौडा, मोरङ क्षेत्रीय मेडिकल स्टोर रहेका स्वास्थ्य कार्यालयहरु कैलाली, बाँके, रुपन्देही, मकवानपुर, मोरङ	वित्तीय लेखापरीक्षण समेत
७	भूकम्पपछि सरकारी भवनहरुको निर्माण स्थिति	राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, केन्द्रीय कार्यालय	वित्तीय लेखापरीक्षण समेत
		केन्द्रीय आयोजना समन्वय इकाईहरु (शहरी विकास, स्वास्थ्य, शिक्षा, संघीय मामिला)	कार्यमूलक लेखापरीक्षणमात्र
८	गरिवी निवारण कार्यक्रमको प्रभावकारिता	गरिवी निवारण कोष (दिगो विकास लक्ष्य समेतलाई ध्यान दिइने)	वित्तीय लेखापरीक्षण समेत
९	कृषि अनुसन्धानको प्रभावकारिता	राष्ट्रिय कृषि अनुसन्धान परिषद	वित्तीय लेखापरीक्षण समेत
		नार्क अन्तर्गतका कार्यालयहरु, नेपाल कृषि अनुसन्धान तथा विकास कोष	कार्यमूलक लेखापरीक्षणमात्र
१०	उपभोक्ता समितिमार्फत सम्पादित कार्यको प्रभावकारिता	जल उत्पन्न प्रकोप नियन्त्रण विभाग, जल उत्पन्न नियन्त्रण डिभिजन कार्यालय, सप्तरी, रौतहट, चितवन खानेपानी डिभिजन कार्यालयहरु सप्तरी, रौतहट, चितवन सिँचाइ डिभिजन कार्यालयहरु सप्तरी, रौतहट, चितवन	वित्तीय लेखापरीक्षण समेत
११	सडक पूर्वाधार निर्माणको प्रभावकारिता	गल्छी त्रिशुली मैलुङ्ग स्याफ्रुवेसी रसुवागढी सडक कर्णाली करिडोर : खुलालु लैपु सिमिकोट सडक	वित्तीय लेखापरीक्षण समेत
१२	गुठी जग्गाको व्यवस्थापन	गुठी संस्थान	कार्यमूलक लेखापरीक्षणमात्र

ख. सम्बन्धित निर्देशनालयहरुबाट कार्यमूलक लेखापरीक्षण गरिने विषयहरू

सि.नं.	विषय	निर्देशनालय
१	प्राविधिक परीक्षणको प्रभावकारिता (राष्ट्रिय सतर्कता केन्द्र)	संवैधानिक निकाय, कानुन
२	सुरक्षा निकायको पोशाक खरिद तथा प्रयोग	रक्षा
३	जिल्ला प्रशासनको सेवाप्रवाह स्थिति (काठमाडौँ, धनगढी, सुर्खेत, रुपन्देही, हेटौडा, धनुषा, कास्की र मोरङ)	गृह
४	सामाजिक सेवा अनुदान वितरणको प्रभावकारिता (महिला, बालबालिका तथा जेठ नागरिक मन्त्रालय तथा जिल्ला स्थित कार्यालय)	महिला, बालबालिका तथा जेठ नागरिक

सि.नं.	विषय	निर्देशनालय
५	स्थानीय तहको कार्यसम्पादन स्थिति र सेवा प्रवाह	संघीय मामिला तथा सामान्य प्रशासन
६	राष्ट्रिय निर्माण क्षमता अध्ययन	भौतिक योजना निर्माण तथा यातायात व्यवस्था
७	काठमाडौं क्षेत्रमा सिंचित जग्गाको उपयोग स्थिति	सिँचाइ
८	पर्यटन प्रवर्द्धन कार्यको प्रभावकारिता (पर्यटन बोर्ड)	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन
९	खानेपानी गुणस्तर र नियमन	खानेपानी
१०	वाग्मती सभ्यता कोरिडोर निर्माण र सरसफाई अवस्था	शहरी विकास
११	कृषि अनुदानको प्रभावकारिता	कृषि, तथा सहकारी
१२	खेतीयोग्य जमिनको खण्डीकरण र कित्ताकाट	भूमिव्यवस्था
१३	राष्ट्रिय निकुञ्ज संरक्षित क्षेत्रको व्यवस्थापन	वन तथा वातावरण
१४	आर्थिक कूटनीति कार्यान्वयन अवस्था	परराष्ट्र
१५	प्राविधिक शिक्षामा भएको लगानी र प्रतिफलको विश्लेषण	शिक्षा
१६	काठमाडौं उपत्यकाभित्र सिग्नल प्रसारण वितरण	सूचना तथा सञ्चार
१७	कर प्रशासनको कार्यदक्षता मूल्याङ्कन	आन्तरिक राजस्व
१८	वैदेशिक सहायता परिचालन	अर्थ तथा भंसार
१९	निजी तथा सामुदायिक अस्पतालको नियमन	स्वास्थ्य तथा जनसंख्या
२०	वैदेशिक रोजगारीको सेवा प्रवाह	उद्योग वाणिज्य आपूर्ति तथा श्रम
२१	सरकारी स्वामित्वका संगठित संस्थाको जग्गा जमिनको सँरक्षण र उपयोग	संगठित संस्था

३. सूचना प्रविधि लेखापरीक्षणका लागि छनौट भएका विषयहरू

सि.नं	मुख्य उद्देश्य, विषय	निकाय
१	e-Government Procurement (e-GP) Application	सार्वजनिक खरिद अनुगमन कार्यालय
२	ASYCUDA World	भन्सार विभाग र अन्तर्गतका कार्यालयहरू
३	IT Security Audit in Financial Comptroller General Office	महालेखा नियन्त्रक कार्यालय

४. संगठित संस्थाको लेखापरीक्षण

सि.नं.	निकायको नाम	लेखापरीक्षण गर्ने निर्देशनालय
१	नेपाल वायुसेवा निगम	संगठित संस्था
२	नेपाल नागरिक उड्डयन प्राधिकरण (केन्द्र/जिल्लास्तर)	संगठित संस्था र जिल्ला डोर
३	नेपाल पारवहन तथा गोदाम व्यवस्था कं. लि.	संगठित संस्था
४	नेपाल विद्युत प्राधिकरण (खरिद प्रक्रिया मात्र)	संगठित संस्था/सहायक नियुक्ति
५	नेपाल धितोपत्र बोर्ड	अर्थ, भन्सार
६	नेपाल टेलिभिजन (खरिद मात्र)	संगठित संस्था/सहायक नियुक्ति
७	नेपाल पर्यटन बोर्ड	पर्यटन
८	नेपाल दूरसञ्चार प्राधिकरण	सञ्चार

द्रष्टव्य: माथि उल्लेख भएबमोजिमका संगठित संस्था, बोर्ड प्राधिकरणको लेखापरीक्षण कार्यालयको जनशक्तिबाट हुनेछ । अन्य संगठित संस्थाको लेखापरीक्षण गर्न पेशागत प्रमाणपत्र लेखापरीक्षक नियुक्त गरी लेखापरीक्षण गरिनेछ ।

Audit Model

निर्देशक रमेश ढकाल

आर्थिक कारोबारलाई सूक्ष्म विश्लेषण गरी जोखिमको निराकरण र सुधारको उपाय पस्कन लेखापरीक्षणमा विभिन्न Audit model हरु प्रयोगमा ल्याइन्छ । यी Model हरु Error र Fraud पत्ता लगाउन निकै उपयोगी ठानिन्छ । model को सहायताबाट Effectiveness of Governance, Effectiveness of Risk management र Effectiveness of Internal control को मात्रा मापन गरिन्छ। Value Addition गर्न र organization operation को improvement मा लेखापरीक्षक सदैव Focus रही Methodology, practices र Procedure मा Reasonable Assurance दिने गर्दछ ।

- **SPA Model–** Strategic Planning Assessment Model (कारोबारमा sugar, pressure र Anti immunity को मात्रा जाँच गरिन्छ ।)
- **TCRDC Model–**Time, cost, Rate of Return, Delivery र Consequence लाई हेरिन्छ । यो मोडेल कारोबारको कार्यदक्षता, मितव्ययिता र प्रभावकारितासँग पनि सम्बन्धित छ । Value Add लाई मुख्य रुपमा ध्यान दिन्छ ।
- **Risk Model–** Inherent Risk × Control Risk × Detection Risk यस मोडलमा मूलतः नियन्त्रणको Failure र Obsence को मात्रालाई हेरिन्छ ।
- **CARP Model–** Compliance, Assurance, Risk Identification र Performance लाई कारोबारसँग समायोजन गरिन्छ ।
- **IC Model–**Internal Control Model- यसमा Control को Checklist को आधारमा कारोबारको Tolerance Error र Expected Error बिच बिश्लेषण गरिन्छ ।
- **SP Model–** Statistical Prediction Model - यसमा Output मापन गर्न, Mathematical Formula को सहायता लिइन्छ । (Measures of deviation, Time series, Regression, Correlation, Transportation, Sampling, Ratio analysis, Variance, Hypothesis and critical path etc)
- **ER Model–** Executive Role Model - यसमा Executive को Role बाट परेको प्रभाव मापन गरिन्छ ।
- **IOE Model–**Inspection, Observation र Enquiry लाई प्रयोगमा ल्याइन्छ ।
- **Contribution Margin Model–**Sales मा Variable Cost घटाई सिमान्त लागत मापन गरिन्छ ।
- **Analytical Model–** यसमा Real Expenses र Expected Expenses बीच Threshold को आधारमा कारोबारमा Error छ की छैन पत्ता लगाउन दुई चरहरु बीच बिश्लेषण गरी निष्कर्षमा पुग्ने गरिन्छ ।
- **OPERA Model–** यसमा कारोबारबाट सिर्जित सम्पत्ति तथा खर्चबाट प्राप्त उपलब्धिको Occurance, Presentation, Existence, Right and Obligation र Accuracy को अवस्था मापन गरी कारोबारमा हुन सक्ने Error को दृढोक्ति लिने गरिन्छ ।
- **FORMULA Model–** यसमा Fixed position, opportunity cost को अवस्था, output को Reliability, Multiutility, Long life र Astringent को अवस्थालाई हेरी निष्कर्षमा पुग्ने गरिन्छ ।
- **SARBANES OXLEY Model –** यस मोडेलमा Flow chart मा Risk control Matrix बनाई Preventation र Detection का उपाय लिने प्रयास गरिन्छ ।

Internal Control



निर्देशक रमेश ढकाल

Orderly र Efficient, Features Control को ।
Prevention र Detection, Fraud Error को ॥
Completeness र Accuracy, मुहार सजाउछ ।
Ownership कायम राखी, दीगोपना ल्याउछ ॥

Procedures बनाई राख्छ, System चालु राख्छ ।
उन्नति र प्रगतिको, Design बनाई हाक्छ ॥
Quality मा ध्यान दिन्छ, नीति बुझाई हिड्छ ।
Fraud गर्ने प्रवृतिलाई, मुक्का चटाई दिन्छ ॥

असल शासन असल बाटो, Scope पहिल्याउछ ।
Policy मा Changing गर्छ, अभ्यास सिकाउछ ॥
समयमा System जोडी, Result देखाइदिन्छ ।
कार्यान्वयनको सार खीची, पर्दा हटाइदिन्छ ॥

Challenge गर्छ समस्याको, निदान गर्छ छिटो ।
पानीभित्र ओभानो भई, सार लिन्छ मिठो ॥
मार्ग चित्र कोर्छ सधै, Age दिर्घायुको ।
Upgrade गर्दै जान्छ, नीति नियन्त्रणको ॥

चल्नुपर्छ System भित्र, बन्छ साझा सत्य ।
फल्नु पर्छ System भित्र, सधै सत्य तथ्य ॥
शासनभित्र System हुन्छ, चालक भित्र विवेक ।
दीर्घायुको System कोर्दा, त्यागनु पर्छ उदेक ॥

हीरक-जयन्ती समारोहको अवसरमा सम्माननीय राष्ट्रपतिज्यूले .....

महालेखापरीक्षक र लेखापरीक्षकहरुको पेशागत मर्यादामा आँच आउन नदिई वित्तीय प्रशासनमा रहेका विकृति र समस्याहरु सुधारका लागि कार्यान्वयनयोग्य सुझावहरु अझ परिस्कृत ढंगले प्रस्तुत हुने अपेक्षा राखेको छु ।

- महालेखापरीक्षकको स्वायत्तता अभिवृद्धि गरी लेखापरीक्षणका नवीनतम् अवधारणको अवलम्बन सहित सुदृढ सूचना प्रविधिको उपयोगद्वारा मुलुकी प्रशासनलाई स्वच्छ एवं प्रभावकारी बनाई सुशासन तथा वित्तीय जवाफदेहिताको पालना गराउन सकिने अपेक्षा गर्न सकिन्छ।
- आफ्नो कार्यकालमा विशिष्ट योगदान पुऱ्याउनु भएका पूर्व महालेखापरीक्षक श्री गेहेन्द्रनाथ अधिकारी महालेखापरीक्षकको कार्यालयको हीरक-जयन्तीको अवसरमा सम्मानित हुनु भएकोमा बधाई दिन चाहन्छु। यस्तै महालेखापरीक्षकको कार्यालयमा लगनशील र अनुशासित भई उत्कृष्ट कार्यसम्पादन गर्नु भई पुरस्कृत हुनु भएका राष्ट्रसेवक कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु । महालेखापरीक्षकको स्वतन्त्रता, निष्ठा, विश्वसनीयता, व्यावसायिकता र सार्वजनिक हितमा सेवा गर्ने मूल्य मान्यतालाई यस क्षेत्रमा कार्यरत राष्ट्रसेवक कर्मचारीबाट अझ बढी टेवा मिल्ने विश्वास लिएको छु।

अन्त्यमा, राज्यमा स्रोत साधनको प्राप्ति एवं उपयोग प्रक्रियालाई निगरानी र मार्गदर्शन गर्न, भ्रष्टाचारमुक्त सभ्य समाज निर्माण गर्न तथा मुलुकमा वित्तीय अनुशासन कायम गरी महालेखापरीक्षकको संवैधानिक र कानूनी दायित्व पूरा गर्न सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दै यस समारोहमा आमन्त्रण गर्नु भएकोमा तपाईहरु सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

२०७५ वैशाख, जेठ र आषाढ महिनामा नियुक्त भएका कर्मचारीहरू

सि.नं	पद	कर्मचारीको नाम	शुरु नियूक्ति	कैफियत
१	लेखापरीक्षण अधिकारी	श्री सरस्वती थापा	२०७५/०१/१३	वैकल्पिक सिफारिस
२	सहायक कम्प्युटर अपरेटर	श्री रवि लामा	२०७५/०१/२६	
३	सहायक कम्प्युटर अपरेटर	श्री गौरी धिताल	२०७५/०१/२६	
४	सहायक कम्प्युटर अपरेटर	श्री अनिल कुमार दहित	२०७५/०१/२६	
५	पुस्तकालय सहायक	श्री देवकी कुमारी गौतम	२०७५/०१/२६	

२०७४ वैशाख, जेठ र आषाढ महिनामा बढुवा भएका कर्मचारीहरू

सि.नं	साविकको पद	हालको पद	कर्मचारीको नाम	बढुवा मिति	कैफियत
१	लेखापरीक्षण अधिकारी	निर्देशक	श्री नीरप्रसाद सुवेदी	२०७५/०३/३१	आन्तरिक प्रतिस्पर्धा
२	लेखापरीक्षण अधिकारी	निर्देशक	श्री शालिकराम घिमिरे	२०७५/०३/३१	
३	लेखापरीक्षण अधीक्षक	लेखापरीक्षण अधिकारी	श्री डिल्ली बहादुर ओली	२०७५/०३/२५	
४	लेखापरीक्षण अधीक्षक	लेखापरीक्षण अधिकारी	श्री नरबहादुर खत्री	२०७५/०३/२५	
५	लेखापरीक्षण अधीक्षक	लेखापरीक्षण अधिकारी	श्री रामकृष्ण पोखेल	२०७५/०३/२५	
४	लेखापरीक्षण अधीक्षक	लेखापरीक्षण अधिकारी	श्री जगतबहादुर बोगटी	२०७५/०३/२५	
५	लेखापरीक्षण अधीक्षक	लेखापरीक्षण अधिकारी	श्री कविता चौधरी	२०७५/०३/२५	

२०७५ वैशाख, जेठ र आषाढ महिनामा सरूवा भई अएका कर्मचारीहरू

सि.नं	पद	कर्मचारीको नाम	रमना भई आएको मिति	कैफियत
१	टाइपिष्ट प्रथम	श्री डम्बर बहादुर श्रेष्ठ	२०७५/०२/०४	
२	टाइपिष्ट प्रथम	श्री सूर्यकिरण उलक	२०७५/०३/१८	
३	कार्यालय सहयोगी	श्री रन्जु दहाल	२०७५/०२/०४	
४	कार्यालय सहयोगी	श्री तुलसीमान महर्जन	२०७५/०२/०४	
५	कार्यालय सहयोगी	श्री हरि वाग्ले	२०७५/०२/१०	

२०७५ वैशाख, जेठ र आषाढ महिनामा अवकाश प्राप्त कर्मचारीहरू

सि.नं	पद	कर्मचारीको नाम	शुरु नियूक्ति	अवकाश मिति	कैफियत
१	नायव-महालेखापरीक्षक	श्री उद्धवचन्द्र श्रेष्ठ	२०४३/०९/२३	२०७५/०३/१५	अनिवार्य
२	निर्देशक	श्री कृष्णप्रसाद ढुङ्गेल	२०४०/०६/०६	२०७५/०१/१८	अनिवार्य
३	लेखापरीक्षण अधिकारी	श्री तुल्सीकुमार श्रेष्ठ	२०३८/१०/२३	२०७५/०१/१२	अनिवार्य
४	हलुका सवारी चालक	श्री श्याम रञ्जितकार	२०५२/१२/२८	२०७५/०१/०९	राजिनामा

२०७५ वैशाख, जेठ र आषाढ महिनामा भएका वैदेशिक तालिम तथा कार्यक्रममा सहभागिता

सि.नं	पद	कर्मचारीको नाम	कार्यक्रमको नाम	देश	अवधि
१	नायव-महालेखापरीक्षक	श्री पदमराज पौडेल	IDI capacity Development Programme on SAI's Engaging with Stakeholder	फिलिपिन्स	Apr.23 – 27, 2018
२	निर्देशक	श्री रमेशबाबु के.सी.			
३	निर्देशक	श्री प्रमोद कुमार के.सी.	Seminar on Anti-Corruption Measure and Practices for Nepal	चीन	Apr.16 – May.6, 2018
४	लेखारीक्षण अधिकारी	श्री हिरामणि निरौला			
५	लेखारीक्षण अधिकारी	श्री प्रमोद कुमार मण्डल			
६	लेखारीक्षण अधिकारी	श्री दीपेन्द्र ढकाल			
७	लेखारीक्षण अधिकारी	श्री श्यामप्रसाद गौतम			
८	लेखारीक्षण अधीक्षक	श्री ध्रुव शर्मा			
९	निर्देशक	श्री रामप्रसाद उपाध्याय	Auditing SDGs Programme Audit Report Report Meeting	चीन	21 May to 25 May , 2018
१०	लेखारीक्षण अधिकारी	श्री पिंकी कुमारी दास			
११	लेखारीक्षण अधिकारी	श्री दुर्गाप्रसाद पन्थी			
१२	लेखारीक्षण अधिकारी	श्री भूमिराज आचार्य	Seminar on Government Financial Records and Audit System for Nepal	चीन	21 June to 4 July , 2018
१३	लेखारीक्षण अधिकारी	श्री रामकुमार शर्मा			
१४	लेखारीक्षण अधिकारी	श्री कमलराज अर्याल			
१५	लेखारीक्षण अधिकारी	श्री नृपराज जोशी			
१६	लेखारीक्षण अधिकारी	श्री नमूना पाण्डे			
१७	लेखारीक्षण अधिकारी	श्री डुलहरि दाहाल			
१८	लेखारीक्षण अधिकारी	श्री श्रीराम धिमाल			
१९	लेखारीक्षण अधिकारी	श्री मुकुन्द घिमिरे			
२०	लेखारीक्षण अधिकारी	श्री यमनाथ खनाल	Sub Regional Audit Planning Meeting of IT Audit	भारत	25 June to 29 June, 2018
२१	लेखारीक्षण अधिकारी	श्री वैभवद्विप श्रेष्ठ			
२२	लेखारीक्षण अधिकारी	श्री लेखबहादुर थापा			
२३	नायव-महालेखापरीक्षक	श्री बामदेव अधिकारी	ASOSAI Seminar on IT Audit	काजकस्तान	9 July to 13 July, 2018

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.१९९५
माघ १०

स्वर्गारोहण:
वि.सं.२०७५
जेठ २४

स्व. दुर्गादेवी निरौला

यस कार्यालयका निर्देशक श्री छत्रपति निरौलाकी ममतामयी माता स्व. दुर्गादेवी निरौलाको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवार प्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं र यस दुःखद् घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा (दंगाल)
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं. २०१०
बेसाख २२

स्वर्गारोहण:
वि.सं.२०७५
बैसाख २६

स्व. भेषबहादुर खत्री

यस कार्यालयका लेखापरीक्षण अधिकारी श्री नरबहादुर खत्रीका पूजनीय पिता स्व. भेषबहादुर खत्रीको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवार प्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं र यस दुःखद् घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा (दंगाल)
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौं

सार्वजनिक अनुरोध

नेपालको संविधान, लेखापरीक्षण ऐन, २०४८ र अन्य प्रचलित कानूनले तोकेबमोजिमका निकायहरुको लेखापरीक्षण गर्न २०७५ श्रावण १५ देखि काठमाडौं उपत्यकाका ३ जिल्ला तथा काठमाडौं उपत्यका बाहिर दार्चुला, बैतडी, डडेल्धुरा, डोटी, अछाम, मुगु, जुम्ला, हुम्ला, डोल्पा, कालिकोट, बझाङ, बाजुरा, दैलेख, जाजरकोट, रुकुम पूर्व, रुकुम पश्चिम, रोल्पा, प्युठान, सल्यान, गुल्मी, अर्घाखाँची, पाल्पा, मुस्ताङ, म्याग्दी, मनाङ, रसुवा, नुवाकोट, सोलुखुम्बु, ओखलढुंगा र ताप्लेजुङ समेत गरी जम्मा ३३ जिल्लामा यस कार्यालयबाट लेखापरीक्षण टोली खटिई गइरहेको छ । यस सन्दर्भमा सार्वजनिक स्रोत साधनको प्राप्ति र उपयोग, विकास निर्माण, राजस्व तथा खर्च र सेवा प्रवाहका सम्बन्धमा कुनै किसिमको अनियमितता, दुरुपयोग वा हिनामिनाका विषय लेखापरीक्षणको सिलसिलामा हर्ने/ परीक्षण गर्न सकिने हुँदा उल्लिखित विषयमा कुनै जानकारी भएमा यस कार्यालयबाट खटिने लेखापरीक्षण टोली वा यस कार्यालयलाई जानकारी गराइदिनु हुन अनुरोध गरिन्छ ।

उल्लिखित ३३ जिल्लामा खटिने कर्मचारीको नाम, सम्पर्क नं. र इमेल ठेगाना कार्यालयको वेभसाइटमा समेत राखिने छ । साथै यस कार्यालयबाट सम्पादन गरिने कामको सम्बन्धमा गरिनुपर्ने सुधारका विषयमा कुनै सुझाव, सल्लाह एवं गुनासा भएमा देहायको ठेगानामा जानकारी गराई उद्देश्यमूलक, विश्वसनीय र गुणस्तरीय लेखापरीक्षण गर्ने कार्यमा सहयोग पुऱ्याउन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

पत्राचार वा सम्पर्क गर्ने ठेगाना

महालेखापरीक्षकको कार्यालय, बबरमहल काठमाडौं ।
पोष्ठ बक्स नं. १४४२८
फोन नं. : ०१-४२५८१७४, ४२६६०३४, ४२५५७०७
फ्याक्स नं. ०१-४२६२७९८, ४२६८३०९
इमेल : oagnep@ntc.net.np, info@oag.gov.np
वेभसाइट : www.oagnep.gov.np